लोकप्रिय राष्ट्रिय दैनिक

www.rajdhanidaily.com

# राजधानी

वर्ष २५, अंक २९५ शुक्रबार २७ चैत २०८२, नेपाल संवत् ११४६ | RAJDHANI Nepali National Daily | Friday 10 April 2026 | पृष्ठ : ६ | मूल्य रु. ५०/-




■ विशाल ग्रुपविरुद्ध बालमिन्दर जग्गा हिनामिनामा अनुसन्धान सुरु

# उन्मुक्ति पाउँदै आएका लगानीकर्तादेखि उच्च व्यवस्थापक पक्राउ तयारी

**राजधानी समाचारदाता**
काठमाडौं, २६ चैत

काठमाडौं नक्सालस्थित नेपाल बाल संगठन (बाल मन्दिर)को बहुमूल्य सरकारी जग्गा हडप्ने व्यापारिक घराना विशाल ग्रुपका संलग्न पदाधिकारीमाथि कारबाही प्रक्रिया सुरु भएको छ ।

रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह नेतृत्वको सरकारले बाल मन्दिरको जग्गा मिलेमतोमा भाडा लगाउने र हडप्नेलगायतका कार्य भएको देखिएको तर विगतमा शक्तिकेन्द्रको आडमा अभियोग लागेकालाई उन्मुक्ति दिइएको भन्दै पुनः पक्राउ गरी अनुसन्धान थाल्ने भएको हो ।

बाल मन्दिरको जग्गा भाडामा लिएर विशाल ग्रुपले बृहस्पति स्कुल र राई स्कुल सञ्चालन गरिरहेको छ। नेपाल बाल संगठनकी तत्कालीन अध्यक्ष रिता सिंह वैद्यले विशाल ग्रुपलाई कौडीको मूल्यमा बाल मन्दिरको जग्गा भाडामा दिएपछि यो विषयमा पटक पटक अनुसन्धान भएको थियो । तर पक्राउ पुर्जी जारी भएका अभियुक्तसमेत हाजिर जमानीमा छुट्दै आएका छन् । सिंहको भने गत ३ पुसमा निधन भइसकेको छ ।

अदालतबाट धरौटीमा छुटेका व्यक्तिविरद्धसमेत पुनः अनुसन्धान थालिएको र लिजमा लिने कार्यमा संलग्न विशाल ग्रुपका उच्च तहका अधिकारी र विद्यालय व्यवस्थापनको जिम्मा लिएका पदाधिकारीसमेतविरुद्ध पक्राउ पुर्जी जारी गर्ने सरकारको तयारी छ ।

सरकारले विशाल ग्रुपका लगानीकर्तासहित वृहस्पति विद्यालय व्यवस्थापन प्रालिका अध्यक्ष पुरुषोत्तमराज जोशी, सञ्चालकहरू प्रवीणराज जोशी, मुरारिनिधि तिवारी, श्रद्धा संघाई, अभिनव सिंघानिया, सिद्धार्थ केडिया, राई स्कुलका पूर्वव्यवस्थापक कीर्तिप्रसाद पाण्डेसहितका व्यक्तिमाथि पक्राउ गरी पुनः अनुसन्धान थाल्ने तयारी गरिरहेको प्रहरी उच्च स्रोतले जानकारी दिएको छ ।

२८ रोपनी ५ आना क्षेत्रफलको जग्गा भाडामा दिँदा भएको अनियमिततामा तत्कालीन अध्यक्ष रिता सिंह वैद्यसहित १७ जनाविरुद्ध ठगी मुद्दा दायर भएसँगै कानुनी प्रक्रिया औपचारिक रूपमा अघि बढिसकेको थियो । तर फितलो अनुसन्धान र कमजोर मुद्दाका कारण अधिकांश व्यक्ति धरौटीमा रिहा भइसकेका छन् । सरकारले यो प्रकरणमा फेरि नयाँ शिराबाट अनुसन्धान गरेर जग्गा हडप्नेविरुद्ध मुद्दा चलाउने तयारी गरेको हो ।

६० करोड ३९ लाख रुपैयाँभन्दा बढी बिगो कायम गर्दै मुद्दा दायर गरिएको यो प्रकरणमा सुरुदेखि नै विरोधाभासपूर्ण निर्णयहरू देखिएका छन् । केन्द्रीय अनुसन्धान ब्युरो र सरकारी वकिल कार्यालयका विभिन्न तहले 'मुद्दा नचलाउने' राय दिएका थिए । तर अन्ततः महान्यायाधिवक्ताको कार्यालयले फाइल उल्टाउँदै मुद्दा दायर गर्न निर्देशन दिएको थियो ।

## ■ यसरी भइरहेको छ जग्गा दुरुपयोग

नक्सालस्थित नेपाल बाल संगठन (बाल मन्दिर)को नाममा रहेको १ सय १९ रोपनी १२ आना ३ पैसा जग्गामध्ये २८ रोपनी ५ आना १ पैसा जग्गा हाल वृहस्पति विद्या सदनले भाडामा लिएको छ । वृहस्पतिले भाडामा लिएकोमध्ये ५ रोपनी जग्गा राई स्कुललाई २०७६ सालदेखि भाडामा दिएको थियो ।

२०५९ सालमा भाडामा लिने दिने सम्झौता भएको सो जग्गा २०८९ सालसम्मका लागि भए पनि सो अवधि सकिन १७ वर्ष बाँकी हुँदै ३ साउन २०७२ मा थप ३८ वर्षका लागि सो जग्गा वृहस्पति विद्या सदनले भोगचलन गर्न पाउनेगरी सम्झौता भएको थियो ।
पछिल्लो सम्झौताअनुसार यो जग्गा वृहस्पति विद्या सदनले २१२७ सालसम्म उपभोग गर्न पाउने देखिएको छ ।

भाडादर प्रतिरोपनी ३ लाख ९३ हजार रुपैयाँका दरले २८ रोपनीभन्दा बढी जग्गाको वार्षिक भाडा १ करोड १० लाख रुपैयाँ लिनेगरी नेपाल बाल संगठनकी तत्कालीन अध्यक्ष रिता सिंह वैद्य र वृहस्पति विद्या सदनका तर्फबाट पुरुषोत्तमराज जोशीले सम्झौता गरेका थिए ।




## ■ विशाल ग्रुपको प्रभुत्व

यो जग्गा हाल वृहस्पति विद्या सदनमार्फत प्रयोग भइरहेको छ, जसमा विशाल ग्रुपको प्रभुत्व छ । जग्गाको एक हिस्सा राई स्कुललाई सब-लिजमा दिइएको छ। यो प्रकरणको ऐतिहासिक पृष्ठभूमि हेर्दा अनियमितताको शृंखला झन् प्रस्ट हुन्छ । २०४९ सालमा सुरु भाडा सम्झौता क्रमशः विस्तार हुँदै २०७२ सालमा थप ३८ वर्ष लम्ब्याइएको थियो । अझ गम्भीर कुरा, मूल सम्झौताको अवधि सकिन १७ वर्ष बाँकी हुँदाहुँदै थप अवधि दिइएको थियो । सम्झौताका अन्य प्रावधान झन् विवादास्पद छन् । सरकारी स्वामित्वको जग्गालाई बैंकमा धितो राखेर ऋण लिन दिने, तेस्रो पक्षलाई सब-लिजमा हस्तान्तरण गर्ने, न्यून दरमा दीर्घकालीन भाडा निर्धारण गर्ने जस्ता निर्णयहरू भएका छन् ।

भाडामा लिइएको जग्गाबाट निजी संस्थाले ठूलो आम्दानी गरिरहँदा मूल स्वामित्व रहेको नेपाल बाल संगठन भने लाभबाट वञ्चित छ। यो प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, केन्द्रीय अनुसन्धान ब्युरोसहितका निकायले अनुसन्धान गरिरहेका छन् ।

गत वैशाखमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले नेपाल बाल संगठनको स्वामित्वमा रहेको काठमाडौंको नक्सालस्थित २८ रोपनी ५ आना सरकारी जग्गा भाडामा दिँदा भएको आर्थिक अनियमितता प्रकरणमा तत्कालीन अध्यक्ष रिता सिंहसहित १७ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । उनीहरूले ठगी गरी नेपाल बाल संगठनलाई ६० करोड ३९ लाख ७७ हजार २ सय ३१ रुपैयाँ ५ पैसा नोक्सानी पुऱ्याएको भन्दै सोहीबराबर बिगो कायम गरिएको थियो । अपराध संहिता २०७४ को दफा २४९ अनुसार कसुर पुष्टि भएमा ७ वर्षसम्म कैद र ७० हजार रुपैयाँसम्म जरिमाना हुने व्यवस्था छ ।

महान्यायाधिवक्ताको कार्यालयले मुद्दा चलाउने निर्णय गर्दै कार्यान्वयनका लागि पत्र पठाएपछि सरकारी वकिलको कार्यालयले गत वैशाखमा मुद्दा दायर गरेको थियो । तत्कालीन उपाध्यक्ष तुलसीनारायण श्रेष्ठ, महासचिव गणेशभक्त श्रेष्ठ, तत्कालीन विभिन्न पदमा रहेका पदाधिकारीहरू कृष्णशंकर साह, श्यामकुमार आले, सुवासकुमार पोखरेल, प्रचण्डराज प्रधान, रामकाजी गुरुङ, योगेन्द्रबहादुर शाही, दीपकदास श्रेष्ठलाई पनि मुद्दा चलाइएको थियो । त्यस्तै, बृहस्पति विद्यालय व्यवस्थापन प्रालिका सञ्चालक प्रवीणराज जोशी, तत्कालीन सञ्चालक मुरारीनिधि तिवारी, प्रालिका अध्यक्ष पुरुषोत्तमराज जोशी, सञ्चालक श्रद्धा संघाई, सञ्चालक अभिनव सिंघानिया, सिद्धार्थ केडिया र कीर्तिप्रसाद पाण्डेयलाई प्रतिवादी बनाइएको थियो ।

प्रतिवादी बनाइएकामध्ये १५ जनालाई यसअघि सीआईबी र सरकारी वकिलको कार्यालयमा उपस्थित गराएर सोधपुछ र बयान गरिएको थियो ।

## १३ दिनपछि ओली र लेखक हिरासतमुक्त


केपी शर्मा ओली


रमेश लेखक

**राजधानी समाचारदाता**
काठमाडौं, २६ चैत

एमाले अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस नेतासमेत रहेका पूर्वगृहमन्त्री रमेश लेखक हिरासतमुक्त भएका छन् । जेनजी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा ज्यानसम्बन्धी कसुरमा पक्राउ परी अनुसन्धानको दायरामा रहेका उनीहरूलाई प्रहरीले हाजिर जमानीमा रिहा गरेको हो । पक्राउ परेको १३औं दिनमा उनीहरू हिरासतमुक्त भएका हुन् । ओली भने पक्राउलगत्तै बिरामी परेका कारण त्रिवि शिक्षण अस्पतालमा उपचाररत थिए । प्रहरीले हिरासतमुक्त गरेर परिवारको जिम्मा लगाए पनि ओली केही दिन अस्पतालमै रहने छन् ।


बाँकी पृष्ठ ४ मा

## रास्वपा विधानमै नभएको प्रावधान देखाएर मन्त्रीबाट हटाइए साह

सभापतिले गरे विधानका ३ प्रावधान उल्लंघन

**राजधानी समाचारदाता**
काठमाडौं, २६ चैत

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पार्टीको विधानविपरित श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दिपक साहलाई पदमुक्त गर्न प्रधानमन्त्री बालेन्द्र शाहसमक्ष सिफारिस गरेको छ । रास्वपा सभापति लामिछानेले 'पार्टी विधानको धारा २५, धारा ४६ र धारा ६९ का प्रावधानको गलत व्याख्या गर्दै मन्त्री हटाउन' प्रधानमन्त्री साहसमक्ष सिफारिस गरेका हुन् । सभापतिको सिफारिसका आधारमा शाहले मन्त्रीलाई पदमुक्त गरिसकेका छन् । सभापतिले रास्वपा अनुशासन समितिको सिफारिसका आधारमा आफूले पदमुक्त गर्न प्रधानमन्त्रीलाई पत्राचार गरेको भने पनि पार्टीको अनुशासन आयोगलाई जनप्रतिनिधिलाई कारबाही गर्ने अधिकार विधानले दिएको छैन ।



दिपक साह

मन्त्री साहले श्रीमतीलाई स्वास्थ्य बिमा बोर्डमा निष्क्रिय रहेको अवस्थामा पुनः नियुक्ति प्रक्रिया अगाडि बढाएकाले पदीय आचरणविपरित र पार्टीको प्रतिष्ठामा आँच आएको भन्दै पदबाट हटाउन सिफारिस गरेका थिए ।

बाँकी पृष्ठ ४ मा

## खरिद प्रक्रियामा अनलाइन प्रणाली हाबी, विद्युतीय बोलपत्रका सूचना पत्रिकामा छाप्न नपाइने

**अमृतनाथ तिमल्सिना/राजधानी**
काठमाडौं, २६ चैत

सरकारले सार्वजनिक खरिद ऐनको संशोधन गरी अनलाइन प्रणाली हाबी हुने व्यवस्था गरेको छ । सार्वजनिक खरिदका लागि सूचना प्रकाशनदेखि बोलपत्र प्रक्रियामा सहभागी हुने र कामकारबाहीका प्रक्रियामा अनलाइन प्रणाली हाबी हुने भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले संशोधनका लागि तयार पारेको खरिद ऐन २०६३ को मस्यौदामा सूचना प्रविधि प्लेटफर्म र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई अधिकारसम्पन्न बनाउने तयारी गरिएको छ। सार्वजनिक खरिदमा मन्त्रिपरिषदको निर्णयबाट सोझै खरिद गर्न सक्ने व्यवस्था थप्ने तथा तोकिएबमोजिम गर्ने गरी नियमावली कार्यविधि र निर्देशिकामार्फत गर्न सक्ने गरी ऐनका थुप्रै मौजुदा व्यवस्था हटाइएको छ। सार्वजनिक खरिद ऐनमा भएका समयसीमा तथा निर्णय गर्ने अधिकारी र निर्णयका प्रक्रियाका कारण निर्माण क्षेत्रमा धेरै जटिलता आएको र समयमा काम सम्पन्न हुन नसकेका विषयलाई छिटो पार लगाउन यसरी ऐन संशोधनको गृहकार्य भएको प्रधानमन्त्री कार्यालय स्रोतले जनाएको छ ।

### सूचना प्रविधि प्रणालीमा कडाइ

सरकारले सार्वजनिक निकायको सूचना प्रविधि प्रणालीलाई बलियो र विश्वसनीय बनाउन ऐनमा नै सेवा खरिद तथा सञ्चालनका विषय समावेश गरेको छ भने नियमावली र कार्यविधिसमेत बनाउने भएको छ। सरकारी सूचना प्रविधि प्रणालीमा भएका कमजोरी न्यूनीकरण गर्न ऐनमा नै व्यवस्था गरिएको बताइएको छ। सार्वजनिक निकायले जथाभाबी निर्माण गरेका सूचना प्रविधि प्रणालीमा अब अंकुश लाग्ने भएको छ ।



सार्वजनिक निकायको सूचना प्रविधि प्रणालीको विकास मर्मत सम्भार तथा सञ्चालनसम्बन्धी खरिद गर्दा नेपाल सरकारको सूचना प्रविधिसँग सम्बन्धित मन्त्रालयको सिफारिसमा नेपाल सरकारबाट स्वीकृत मापदण्डबमोजिम सफ्टवेयर आवश्यकता स्पेसिफिकेसन तयार पार्नुपर्ने व्यवस्था ऐनमा समेटिएको छ। सार्वजनिक निकायले सार्वजनिक खरिदसम्बन्धी विषयमा कुनै कार्यालय वा सरोकारवालाले माग गरेको जानकारी वा जवाफ समयमा नै उपलब्ध गराउनुपर्ने व्यवस्था गरी पारदर्शी बनाएको छ ।

सञ्चार तथा सूचना प्रविधि प्रणाली जडानपश्चात् आंशिक भुक्तानी अस्थायी स्वीकृति परीक्षण सम्पन्न गर्नुपर्ने र अन्तिम भुक्तानी गर्दा प्रणालीको निश्चित अवधिको व्यापारिक कारोबारको सञ्चालनपश्चात् अन्तिम स्वीकृति परीक्षण गर्नुपर्ने व्यवस्था संशोधन प्रस्तावमा राखिएको छ।

सार्वजनिक खरिद ऐनको संशोधन प्रस्तावमा 'रिभर्स अक्सन' विधिबाट खरिद गर्नुपर्ने प्रस्ताव गरिएको छ। ऐनको दफा ८ को उपदफा १ को खण्ड क अन्तर्गत उपखण्ड ११ थप गरी सार्वजनिक निकायको खरिद प्रक्रियामा यो प्रस्ताव गरिएको हो । ऐनमा नै व्यवस्था गरी सार्वजनिक खरिदमा प्रतिस्पर्धालाई संकुचित र सीमित गर्ने गरी प्याकेज बनाइ खरिद गर्न नपाइने व्यवस्था गरिएको छ। मस्यौदामा प्रतिस्पर्धालाइ संकुचित र सीमित गर्ने गरी वा खरिद विधि परिवर्तन हुने गरी टुक्रे खरिद गर्न नपाइने व्यवस्था पनि प्रस्तावित छ ।

### अब सरकारीलगायतका सूचना अनलाइनमा

सरकारले मस्यौदा सार्वजनिक गरेको ऐन संशोधन मस्यौदामा साबिक ऐनको दफा १४ मा संशोधन गरी बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रियस्तरको दैनिक पत्रमा र अन्तर्राष्ट्रियस्तरको बोलपत्र अन्तर्राष्ट्रिय स्तरको सञ्चारमाध्यममा प्रकाशन गर्नुपर्ने व्यवस्था हटाएको छ ।

बाँकी पृष्ठ ४ मा

# उपसभामुखमा रुविकुमारी ठाकुर निश्चित

ठाकुरले सत्तारूढ दल रास्वपाको समर्थनमा बिहीबार संघीय संसद् सचिवालयमा उम्मेदवारी दर्ता गराएकी हुन् । उनको प्रस्तावकमा आरेन राई तथा समर्थकमा अशोककुमार चौधरी (रास्वपा) र अम्बिकादेवी संग्रौला रहेको संघीय संसद सचिवालयले जनाएको छ ।

**सुभाष साह/राजधानी**
काठमाडौं, २६ चैत

प्रतिनिधिसभामा उपसभामुख पदको निर्वाचन शुक्रबार हुँदै छ । यसका लागि दुईजनाको उम्मेदवारी परेको छ । श्रम संस्कृति पार्टीबाट रुविकुमारी ठाकुर र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद सरस्वती लामाको उम्मेदवारी परेको छ ।

१८२ सिट रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को समर्थन ठाकुरलाई रहेको छ । त्यस्तै, नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले समेत श्रम संस्कृति पार्टीकी उम्मेदवार ठाकुरलाई नै समर्थन गर्ने निर्णय गरेका छन् । रास्वपा, कांग्रेस, एमाले, नेकपासहितका दलले समर्थन गर्ने निर्णयसँगै ठाकुर उपसभामुखमा निर्वाचित हुने निश्चित भएको छ ।

ठाकुरले सत्तारूढ दल रास्वपाको समर्थनमा बिहीबार संघीय संसद् सचिवालयमा उम्मेदवारी दर्ता गराएकी हुन् । उनको प्रस्तावकमा आरेन राई तथा समर्थकमा अशोककुमार चौधरी (रास्वपा) र अम्बिकादेवी संग्रौला रहेको संघीय संसद सचिवालयले जनाएको छ । यसअघि राप्रपाकी सांसद लामाले समेत उपसभामुखमा उम्मेदवारी दर्ता गराएकी छन् ।

रास्वपासहितका दलहरूले ठाकुरलाई समर्थन गरेपछि उनी उपसभामुख बन्ने पक्का भएको छ । २५ वर्षीया ठाकुरले उपसभामुख हुने निश्चित भएपछि पार्टीले आफूलाई ठूलो जिम्मेवारी दिएको भन्दै सफलतापूर्वक निर्वाह गर्ने जनाएकी छन् । 'पार्टीले मलाई ठूलो जिम्मेवारी दिएको छ । म त्यसलाई सफलतापूर्वक जिम्मेवारी पुरा गर्छु,' ठाकुरले उम्मेदवारी दर्तापछि भनिन ।

'रास्वपाले समर्थन गर्ने कुरा थिएन, उहाँहरूले पनि समर्थन गरेर सरप्राइज दिनुभएको छ, धेरै धेरै धन्यवाद दिन चाहन्छु । म मधेशको छोरी हुँ, मधेशको छोरीलाई अगाडि बढाउन उहाँहरूले सहयोग गर्नुभएको होला । म अध्यक्षज्यूलाई पनि धन्यवाद भन्न चाहन्छु, म भुइँ मान्छेलाई यति माथिसम्म पुऱ्याउनुभयो,' उनले भनिन् ।


रुविकुमारी ठाकुर

उपसभामुख हुने निश्चित भएकी ठाकुरले मुलुक र जनताको हितमा आफू सधैं काम गर्ने बताइन् । धनुषा जनकपुरधाम उपमहानगरपालिका-१४ मुजेलियाकी ठाकुर सिभिल इन्जिनियरिङ अध्ययन गरेकी छन् । २५ वर्षकै उमेरमा सांसद र उपसभामुखजस्तो महत्त्वपूर्ण जिम्मेवारी पाउने निश्चित भएपछि देशविदेशमा समेत ठाकुरको चर्चा भइरहेको छ ।

ठाकुरका बुबा सोगारथ ठाकुर वैदेशिक रोजगारीका लागि खाडी मुलुकमा हजामको काम गर्दै आएका छन् । आम रेणु देवीले इँटाभट्टामा काम गरेर परिवार चलाउदै आएकी छन् । ठाकुर परिवारले घरपरिवार चलाउन धौधौ परेको तर परिश्रम गर्दै परिवार चलाउने गरिएको छ ।

तीन बहिनी र दुई भाइसहितको परिवारमा हुर्किएकी ठाकुरको पढाइप्रतिको लगाव देखेर उनका बुबाआमाले दुःख गरेर भए पनि उनलाई सिभिल इन्जियिरिङ पढाए । पढाइमा अब्बल ठाकुरले सिभिल इन्जिनियरिङ पूरा गरेपछि एक कन्स्ट्रक्सन कम्पनीमा इन्जिनियरका रूपमा काम गरिरहेकी थिइन् ।

राजनीतिप्रति खासै चासो नराख्ने उनी चुनावअघि आफ्नो पेसामै व्यस्त थिइन् । तर, उनको जीवनले अप्रत्याशित मोड लियो । उनी समानुपातिकतर्फबाट सांसद भइन् । पार्टीले उनलाई सांसदसहित अहिले उपसभामुखको जिम्मेवारीमा पुऱ्याउने काम गरेकामा उनले धन्यवाद दिँदै खुसी व्यक्त गरेकी छन् ।

नेपालकै इतिहासमा सम्भवत ठाकुर सबैभन्दा कान्छी महिला उपसभामुख हुने अवसर पाएकी छन् । मधेशी समुदायको ठाकुर परिवारबाट यस्तो महत्त्वपूर्ण जिम्मेवारी पाउने पनि उनी पहिलो व्यक्ति हुन् ।

**संघीय संसदको अधिवेशन अन्त्य हुँदै**

संघीय संसदको दुवै सदनको अधिवेशन शुक्रबारदेखि अन्त्य हुने भएको छ । २४ चैतको मन्त्रिपरिषद्को सिफारिसअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले दुवै सदनको अधिवेशन शुक्रबार राति (आज) १२ बजेदेखि अन्त्य गरेका हुन् ।

राष्ट्रपति पौडेलले शुक्रबार संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्दै छन् । यो प्रतिनिधिसभाको पछिल्लो चुनावपछि राष्ट्रपतिको पहिलो सम्बोधन हुनेछ ।

'राष्ट्रपति रामचन्द्र पौडेलज्यूले नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१२/२४ को सिफारिसमा संवत् २०८२ साल चैत २७ गते शुक्रबार राति १२:०० बजेदेखि लागू हुनेगरी संघीय संसदको दुवै सदनको चालु अधिवेशन अन्त्य गर्नुभएको छ,' राष्ट्रपति कार्यालयको पत्रमा उल्लेख छ ।

राष्ट्रपति पौडेलले शुक्रबार संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्दै छन् ।

# पूर्वसभामुख महरासहित २८ विरुद्ध भ्रष्टाचार मुद्दा

**राजधानी समाचारदाता**
काठमाडौं, २६ चैत

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वसभामुख कृष्णबहादुर महरा र उनका छोरा राहुल महरासहित २८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । बिहीबार विशेष अदालतमा दायर मुद्दामा नेपाल सरकारका सहसचिव अरुण पोखरेलसहित २८ जनामाथि आयोगले करोडौं लाभको लोभमा आपराधिक विश्वासघात गरेको अभियोग लगाएको छ ।

सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोग २०८० को प्रतिवेदन, भन्सार विभागका निर्देशकसमेतले पेस गरेको २३ साउन २०८० को छानबिन प्रतिवेदनका आधारमा आयोगले अनुसन्धान गरी मुद्दा दायर गरेको जनाइएको छ । इलेक्ट्रिक सिगरेट (भेप)को एक्स-रे गर्ने, चेकजाँच गर्ने, जफत गर्ने, डिपोजिट गर्ने र कार्यालय प्रमुख समेतका कर्मचारीहरूले जिम्मेवारीपूर्वक काम गरेको नदेखिएको भन्दै आयोगले अनुसन्धान अघि बढाएको थियो ।

सुनकाण्ड छानबिन गर्ने सन्दर्भमा गठन गरिएका आयोग तथा कार्यालयको प्रतिवेदनको आधारमा भएको छानबिनले त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालयबाट सुन तस्करलाई सहयोग पुऱ्याएको निष्कर्ष निकालेर विमानस्थल कार्यालयका कर्मचारीसमेत तानिएका हुन् । शक्तिमा बसेर ओहोदा दुरुपयोग गरी सुन तस्करलाई सहयोग पुऱ्याई अरबौं राजस्व चुहावट गरी अकूत सम्पत्ति आर्जन गरेको अख्तियारको आरोप छ।


आयोगले प्रतिवादीसँग ७ करोड ७८ लाख ६८ हजार ९५ रुपैयाँ बराबरको सम्पत्ति हिनामिना हानी नोक्सानी गरे गराएको अख्तियारको दाबी गर्दै जनही असुलको माग गरेको छ । अख्तियारले यो मुद्दामा एक कम्पनी र २८ जनालाई प्रतिवादी बनाएको छ । जसमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख भन्सार प्रशासक अरुण पोखरेल, प्रमुख भन्सार अधिकृत मुक्तिप्रसाद श्रेष्ठ, प्रमुख भन्सार अधिकृत अम्बिकाप्रसाद खनाल, भन्सार अधिकृत रमेशकुमार खतिवडा प्रतिवादी छन् । आयोगले प्रतिवादी करार गरेका अन्यमा भन्सार अधिकृत सुबेन्द्र श्रेष्ठ, नायब सुब्बा सुवर्णाप्रभा केसी, नायब सुब्बा भुवनराज घिमिरे, नायब सुब्बा उमेशप्रसाद कोइराला, नायब सुब्बा रेवन्त खड्का र नायब सुब्बा मधुसुदन पोखरेल छन् ।

यस्तै महरा बाबुछोरासँगै निर्मलकुमार विक, लोकेन्द्रकुमार पौडेल, दिपेश बस्नेत, गोपाल सुवेदी, दिनेश बस्नेत, वेदप्रकाश अग्रवाल, रामकेशव थापा क्षेत्री, अमृत कार्की, निमा गुरुङ, प्रेरणा थापा, ललिता थापा, दिपिका थापा, चिनियाँ नागरिक लि हाङ सङ, दाओजिङ वाङ, बेल्जियम नागरिक दावा छिरिङ, भारतीय नागरिक साहेव राव पाण्डुरङ मरगले र डेक्सटर ट्राभल्स एण्ड टूर कम्पनीलाई प्रतिवादी बनाइएको छ । १० पुस २०७९ मा चिनियाँ नागरिक लि हाङसङले ल्याएको २ वटा सुटकेशभित्र ७३ बट्टामा रहेको ७३० थान भेपभित्र सुन रहेको पुष्टि भएपछि पूर्वसभामुख महरा निरन्तर जोडिँदै आएका थिए ।


## कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सूचना
(प्रकाशित मिति २०८२/१२/२७)

यस संस्थाको तपशिल ऋणीले यस संस्थाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत ऋणीले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्तागर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनु हुन सम्बन्धीत ऋणी, धितो जमानत कर्ता र जमानी कर्तालाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस संस्थालाई लेखाई दिएको तपशिल धितो लिलाम विक्री गरी यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चल अचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

**तपसिल**

| ऋणीको नाम, थर र ठेगाना | जमानीको नाम, थर र ठेगाना |
|---|---|
| १) नाम: ज्ञानेन्द्र बहादुर श्रेष्ठ<br>बुवा: अमर बहादुर श्रेष्ठ<br>बाजे: लाल बहादुर श्रेष्ठ<br>पति/पत्नी: सुजन बैंध श्रेष्ठ<br>ठेगाना: काठमाडौं-२३, सितापाइला<br>हाल: काठमाडौं-३, बाँसबारी<br>ना.प्र.नं.: ७४०४/०४० जि.प्र.का. काठमाडौं  | १) नाम: बिष्णु प्रसाद तिमिल्सेना<br>बाबु: तोयनाथ तिमिल्सेना<br>बाजे: देवी प्रसाद तिमिल्सेना<br>ठेगाना: काठमाडौं-४, धर्मस्थली<br>ना.प्र.नं: ९६५-६८३ जि.प्र.का. काठमाण्डौं<br>२) नाम: भिम प्रसाद पौडेल<br>बाबु: ओतराम पौडेल<br>बाजे: अगन्धर पौडेल<br>ठेगाना: अजिरकोट-१, गोरखा<br>ना.प्र.नं: ४४१०३७/५१५ काठमाडौं<br>३) नाम: राजा तिमिल्सेना<br>बाबु: बिष्णु प्रसाद तिमिल्सेना<br>बाजे: तोयनाथ तिमिल्सेना<br>ठेगाना: काठमाडौं-४, धर्मस्थली<br>ना.प्र.नं: ९६५-६८३ जि.प्र.का. काठमाण्डौं |
| २) नाम: अनिल ओखेडा<br>बुवा: रतिभान ओखेडा<br>बाजे: राम बहादुर ओखेडा<br>ठेगाना: बुंगल-९, बझांङ<br>हाल काठमाडौं-३, बाँसबारी<br>ना.प्र.नं.: ७१-०१-७६-००४२० जि.प्र.का. बझांङ  | नाम: मकसुदन ठाकुर<br>बाबु: श्याम ठाकुर इजाम<br>बाजे: खतार ठाकुर<br>ठेगाना: नकपुरधाम-१६, धनुषा<br>हाल: काठमाडौं-९, सिनामंगल<br>ना.प्र.नं.: ३९६९४१०३ जि.प्र.का. धनुषा  |
| ३) नाम: बद्रि बहादुर खडका<br>बुवा: मान बहादुर खड्का<br>बाजे: नर बहादुर खड्का<br>पत्नी: देवकी सुबेधी<br>ठेगाना: हाडीखोला-५, मकवनपुर<br>हाल: काठमाडौं-१६, सोह्रखुट्टे<br>ना.प्र.नं.: २७६६४ जि.प्र.का. मकवानपुर  | नाम: महेन्द्र राज खड्का<br>बुवा: मान बहादुर खड्का<br>बाजे: नर बहादुर खड्का<br>पत्नी: सुनिता खड्का<br>ठेगाना: कठार-९, चितवन<br>हाल: हांडीखोला, मकवानपुर<br>ना.प्र.नं.: ११८ जि.प्र.का. मकवानपुर जिल्ला  |
| ४) नाम: दिपेन्द्र श्रेष्ठ<br>बुवा: रामबाबु श्रेष्ठ<br>बाजे: नारायण प्रसाद श्रेष्ठ<br>ठेगाना: भानु-१०, तनहुँ<br>हाल: काठमाडौं-१, विजुलीचोक<br>ना.प्र.नं.: ८५८०४ जि.प्र.का. तनहुँ  | नाम: रामबाबु श्रेष्ठ<br>बुवा: नारायण प्रसाद श्रेष्ठ<br>बाजे: जनक लाल श्रेष्ठ<br>ठेगाना: भानु-१०, तनहुँ<br>हाल: काठमाडौं-१, विजुलीचोक<br>ना.प्र.नं.: ४५ जि.प्र.का. तनहुँ  |
| ५) नाम: सुमन श्रेष्ठ<br>बुवा: भाई काजी श्रेष्ठ<br>बाजे: गोविन्द लाल श्रेष्ठ<br>ठेगाना: काठमाडौं-१९, प्याफलटोल<br>ना.प्र.नं.: ७४०४/०४० जि.प्र.का. काठमाडौं  | नाम: अनिल महर्जन<br>बाबु: गोपाल महर्जन<br>बाजे: दान बहादुर महर्जन<br>ठेगाना: काठमाडौं-२०<br>हाल: कुलेश्वर, काठमाडौं<br>ना.प्र.नं.: १४९४२ जि.प्र.का. काठमाडौं  |
| ६) नाम: मुना श्रेष्ठ<br>बुवा: बुद्धी नारायण महर्जन<br>बाजे: डबल महर्जन<br>ठेगाना: महादेवस्थान-५, थानकोट काठमाडौं<br>हाल: भोटेवहाल, काठमाडौं<br>ना.प्र.नं.: ८५३४ जि.प्र.का. काठमाडौं  | नाम: अमन श्रेष्ठ<br>बाबु: गुरु श्रेष्ठ<br>बाजे: सिंह बहादुर श्रेष्ठ<br>ठेगाना: महादेवस्थान-५, थानकोट काठमाडौं<br>हाल: भोटेवहाल, काठमाडौं<br>ना.प्र.न.: १०४९ जि.प्र.का. काठमाडौं  |

**साई सेवा बचत तथा ऋण सहकारी संस्था लि.**
सोह्रखुट्टे, काठमाडौं । फोन: ०१-४९६५९२५

## लक्ष्मी सन्‌राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको व्यक्तिगत जमानतकर्तालाई ९० दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/१२/२७**

यस बैंकका तपसिलका ऋणीहरुले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि ऋणी तथा तहाँ जमानतकर्ता लगायतलाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा कर्जा नियमित नभएको कारण बैंक बाध्य भई विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता भुक्तान गर्ने गराउने लगायत धितो लिलाम बिक्रीको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीले बैंकको नाममा धितो सुरक्षण स्वरुप दिएको सम्पत्तिबाट भएको असुली पर्याप्त नभई लेना रकम बाँकी रहेको हुनाले ऋणीले उपभोग गरेको कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) यस सूचनाको मितिले ९० दिन भित्र चुक्ता भुक्तानी गर्नुहुन यसै सार्वजनिक सूचना मार्फत अनुरोध गर्दछौं ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा तँहा जमानतकर्ता लगायत कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बन्धित पक्षलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्न सिफारिस गरिने तथा प्रचलित कानून बमोजिम ऋणीले उपभोग गरेको बक्यौता कर्जा असुली प्रयोजनार्थ तँहा जमानतकर्ता लगायत ऋणी समेतको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया चालिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालय : झुम्का, सुनसरी**

**ऋणीको नाम : श्री के.बि.मल्टिप्रपोज कम्पनी प्रा.लि.** (कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १७९७१०/०७४/०७५, मिति २०७४/०८/२६) का **संचालकहरु : केशरनाथ बस्नेत** र **ललित बहादुर खत्री** ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** दल बहादुर बस्नेतको बुहारी, चोलानाथ बस्नेतको पत्नी, सुनसरी जिल्ला, मधुवन गा.वि.स. वडा नं. ९ भई हाल बराहक्षेत्र न.पा. वडा नं. ५ बस्ने **गोमा देवी बस्नेत** (ना.प्र.नं. ३१३४/१८, जि.प्र.का. सुनसरी, जारी मिति २०४६/११/३०) ।

**ख.** भिम बहादुर खत्रीको बुहारी, ललित बहादुर खत्रीको पत्नी, खोटाङ जिल्ला, च्यानडाडा गा.वि.स. वडा नं. ४ भई हाल सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ५ बस्ने **कुमारी खत्री** (ना.प्र.नं. १२३०३२/१३६, जि.प्र.का. खोटाङ, जारी मिति २०६३/१०/०८) ।

**ग.** दल बहादुर बस्नेतको नाति, चोलानाथ बस्नेतको छोरा, सुनसरी जिल्ला, मधुवन गा.वि.स. वडा नं. ९ भई हाल बराहक्षेत्र न.पा. वडा नं. ५ बस्ने **कर्ण बहादुर बस्नेत** (ना.प्र.नं. ०६१०४४/१२३०६०, जि.प्र.का. सुनसरी, जारी मिति २०६४/०७/२२) ।

**घ.** चोलानाथ बस्नेतको बुहारी, केशरनाथ बस्नेतको पत्नी, सुनसरी जिल्ला, भरौल गा.वि.स. वडा नं. २ भई हाल बराहक्षेत्र न.पा. वडा नं. ५ बस्ने **सर्मिला थापा** (ना.प्र.नं. ०६३०३२/१९६, जि.प्र.का. सुनसरी, जारी मिति २०७०/०२/१०) ।

**ङ.** अभिमान सिंह बस्नेतको नाति, दल बहादुर बस्नेतको छोरा, सुनसरी जिल्ला, मधुवन गा.वि.स. वडा नं. २ भई हाल बराहक्षेत्र न.पा. वडा नं. ५ बस्ने **चोलानाथ बस्नेत** (ना.प्र.नं. ८२९/३४९८, जि.प्र.का. सुनसरी, जारी मिति २०३७/१०/२०) ।

**शाखा कार्यालय : डुम्रे, तनहुँ**

**ऋणीको नाम : शुभकामना ग्रिल उद्योग** (घरेलु तथा साना उद्योग कार्यालय तनहुँमा दर्ता नं. ८५८/०४९/०५० मिति २०४९/०४/२१) का **प्रोप्राइटर अमृत बहादुर कार्की** ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** विष्णु बहादुर कार्कीको बुहारी, अमृत बहादुर कार्कीको पत्नी, तनहुँ जिल्ला, वर भञ्ज्याङ न.पा./गा.पा. वडा नं. ८ भई हाल भानु न.पा. वडा नं. ६ बस्ने **चन्द्रकला कार्की** (ना.प्र.नं. ४८८८३, जि.प्र.का. तनहुँ, जारी मिति २०५८/०५/२२) ।

**ख.** विष्णु बहादुर कार्कीको नाति, अमृत बहादुर कार्कीको छोरा, तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ६ बस्ने **हेमन्त कार्की** (ना.प्र.नं. ४३१०२६/२०८, जि.प्र.का. तनहुँ, जारी मिति २०६८/०३/१३) ।

**ग.** बिष्णु बहादुर कार्कीको नाति, अमृत बहादुर कार्कीको छोरा, तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ६ बस्ने **हिमाल कार्की** (ना.प्र.नं. ४३१०२६/४०६, जि.प्र.का. तनहुँ, जारी मिति २०६९/०४/३०) ।

**शाखा कार्यालय : एलएन चोक, धनगढी, कैलाली**

**ऋणीको नाम : गणेश चौधरी** (ना.प्र.नं. ६७३०२०/१६७, जि.प्र.का. कैलाली, जारी मिति २०६३/१०/१९) ।

**व्यक्तिगत जमानतकर्ता :** चुन्का चौधरीको नाति, कमल प्रसाद चौधरीको छोरा, कैलाली जिल्ला, धनगढी गा.वि.स. वडा नं. ६ भई हाल धनगढी उ.म.न.पा. वडा नं. ५ बस्ने **करन चौधरी** (ना.प्र.नं. ६७-०१-७१-०६०८०, जि.प्र.का. कैलाली जारी मिति २०७१/०७/१६) ।

**शाखा कार्यालय : बिर्तामोड, झापा**

**ऋणीको नाम : साथि मेडिको** (घरेलु तथा साना उद्योग कार्यालय, झापामा दर्ता नं. ७७६-१६९१३, मिति २०७८/०८/०१) का **प्रोप्राइटर बासुदेव राजवंशी** ।

**व्यक्तिगत जमानतकर्ता :** जयलाल राजवंशीको बुहारी, बासुदेव राजवंशीको पत्नी, झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ९ भई हाल बिर्तामोड न.पा. वडा नं. ३ बस्ने **पालन राजवंशी** (ना.प्र.नं. ०४१०१२/२५२२, जि.प्र.का. झापा, जारी मिति २०६८/०१/२०) ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com,
URL: www.laxmisunrise.com

## एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८२/१२/२७


यस बैंकको निक्षेपकर्ता, श्री द्धिर्घ बहादुर थापाको नाति, श्री गडुल ध्वज थापाको छोरा, श्रीमती मन कुमारी थापाको श्रीमान, ललितपुर जिल्ला, गोदावरी नगरपालिका, वडा नं १ बस्ने वर्ष ८१ को श्री **तोरण बहादुर थापा** (ना.प्र. नं. १३५९/०३७/०३८, नागरीकता जारी मिति २०३७/१०/२१) को मिति २०८२/०९/०७ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको छोराहरु र बुहारी श्री किरण थापा, रामेश्वर थापा, जनक थापा र तारा थापाले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा निवेदक बाहेक अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोराहरु र बुहारीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## त्रिपुरेश्वर बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा. वडा-११, फोन नं. ०१-५३६९९७५

**कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/१२/२७ गते

उपरोक्त सम्बन्धमा देहायको विवरण भएका यस संस्थाका शेयर सदस्यले विभिन्न शिर्षकमा कर्जा लिई संस्थासँग गरेको शर्त कबुलियतको पालना नगरी नियमित रूपमा मासिक वा दैनिक किस्ताबन्दीको रकम तथा कर्जाको साँवा, ब्याज, हर्जना शुल्क नबुझाई भाका नघाई बाँकी बक्यौता राखेकोले संस्थाको तर्फबाट पटक पटक निज ऋणीहरूलाई भेटघाट गरी वा लिखित पत्राचार गरी संस्थामा उपस्थित भै आफुले लिएको कर्जाको बाँकी बक्यौता बुझाउन आउनु होस् भनि अनुरोध गर्दा वेवास्ता गरी बाँकी वक्यौता राखी बसेकोले कर्जा चुक्ता गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भै आफुले लिएको कर्जाको साँवा, ब्याज हर्जना तथा विलम्ब शुल्कको बाँकी बक्यौता बुझाउन आउनु वा सो बुझाइ सकेको भए सो को प्रमाण पेश गर्न आउनु होला । नआएमा सहकारी ऐन २०७४ को दफा ७९, ८३ र ८४ तथा सहकारी नियमावली नियम ३० तथा प्रचलित कानून बमोजिम धितो संरक्षण दिएको भए धितो सुंरक्षण दिएको अचल सम्पत्ति लिलाम बिक्री गरी असुल उपर गरीने छ । लिलाम बिक्री गर्दा सम्पूर्ण रकम असुल उपर नभई बाँकी बक्यौता बसेमा वा धितो सुंरक्षण नदिएको भए प्रचलित कानून बमोजिम सम्बन्धित अदालतमा नलिश दायर गरी बाँकी बक्यौता रकम देहायका ऋणी र निजका एकाघर संगोलका अंशियारको नाउमा रहेको चल अचल सम्पत्ति समेत रोक्का राखी असुल उपर गरिने व्यहोरा देहायका ऋणीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

| ऋणीको नाम थर, वतन तथा तीनपुस्ते | ऋणीको फोटो |
|---|---|
| ऋणीको नाम : मनोज पाण्डे<br>बाबुको नाम : रमेश कुमार पाण्डे<br>पत्नीको नाम : निगम बुढाथोकी<br>बाजेको नाम : देविध्वज पाण्डे<br>स्थायी ठेगाना : घोराही न.पा.-११, दाङ<br>हालको ठेगाना : घोराही, दाङ<br>नागरिकता नं. : ५२०१/७०/०२७५३<br>मिति/जिल्ला : २०७०/०५/२६, दाङ |  |
| ऋणीको नाम : रमा हुमागाई<br>बाबुको नाम : सानुदेव नारायण हुमागाई<br>बाजेको नाम : देव नारायण हुमागाई<br>ठेगाना : कलाँनी भुमेडाँडा गा.वि.स-९, काभ्रेपलाञ्चोक |  |
| ऋणीको नाम : चन्दा खड्का रेग्मी<br>बाबुको नाम : लक्ष्मण खड्का<br>बाजेको नाम : नर बहादुर रेग्मी<br>ठेगाना : बबरमहल-११, काठमाडौं<br>जमानी : प्रिजम के.सी. |  |
| ऋणीको नाम : सावित्री थापा क्षेत्री<br>बाबुको नाम : पूर्ण बहादुर क्षेत्री<br>ससुरा बुबाको नाम : गोपाल थापा<br>ठेगाना : नैकाप, काठमाडौं |  |
| ऋणीको नाम : कृष्ण कुमार पौडेल<br>बाबुको नाम : नारायण प्रसाद पौडेल<br>बाजेको नाम : भोदनाथ पौडेल<br>ठेगाना : कैलाली, धनगढी | |
| ऋणीको नाम : असिन डि.सी<br>बाबुको नाम : कुशल राम डि.सी<br>बाजेको नाम : दान बहादुर डाँगी<br>ठेगाना : दाङ नारायणपुर वडा नं.-०१ | |
| ऋणीको नाम : लक्ष्मी श्रेष्ठ राई<br>बाबुको नाम : गणेश बहादुर श्रेष्ठ<br>ससुरा बुबाको नाम : मुगा धन राई<br>ठेगाना : बागमती प्रदेश, ललितपुर वडा नं.-१४ | |
| ऋणीको नाम : दिपक बहादुर थापा मगर<br>बाबुको नाम : डम्बर ब. थापा मगर<br>बाजेको नाम : अमृत ब. थापा मगर<br>ठेगाना : गोरखा, बुङकोट, वडा नं.-३ | |
| ऋणीको नाम : तारा मान खड्का<br>बाबुको नाम : जीत बहादुर खड्का<br>बाजेको नाम : पदम बहादुर खड्का<br>ठेगाना : अछाम, गान्दाप | |

# दुईदिने सार्वजनिक बिदा कति प्रभावकारी ?



धर्मराज भट्टराई
dharmaraj@gate.edu.np

- **सरकारले आवश्यकताअनुसार सवारी साधनमा जोरबिजोर प्रणाली लागू गर्ने तथा विद्युतीय सवारीसाधन र इथानोल प्रयोगलाई प्रोत्साहन गर्ने नीति समावेश छन् । प्रविधि क्षेत्रमा सरकारले इन्धन सवारी साधनलाई विद्युतीय सवारी साधन (ईभी)मा परिवर्तन (कन्भर्ट) गर्न पाउने बाटो खुलाएको छ । भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले सवारी साधनमा इन्धन प्रणाली फेरबदल गर्न पाउने व्यवस्थासहितको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्दै बाटो खुलाएको हो ।**
- **नेपाल सरकारले अहिले गरेको दुईदिने बिदा अवधारणा नयाँ भने होइन । यसअघि पनि पटकपटक यस्तो व्यवस्था लागू गर्न खोजिएको देखिन्छ । तथापि, अहिलेसम्म सफल भएको देखिँदैन । २०४७ सालमा पहिलोपटक अदालतमा सातामा दुई दिन बिदा दिएर यसको सुरुवात गरिएको थियो । तर, यो सेवा लामो समयसम्म टिक्न सकेन । त्यसपछि तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको सरकारको पालामा भदौ २०५६ देखि परीक्षणका रूपमा काठमाडौं उपत्यकामा सातामा दुईदिने बिदा व्यवस्था लागू गरिएको थियो ।**
- **सरकारले जुन उद्देश्यले बिदा योजना अगाडि सारेको छ, त्यो उद्देश्य प्राप्ति भने त्यति सहज देखिँदैन । आइतबारसमेत सार्वजनिक बिदा हुँदा अबका दिन लगातार दुईदिन बिदा हुनेछ । यसले गर्दा मानिसको फुर्सदको समय बढ्ने देखिन्छ । यसको उपयोगका लागि घुमफिर गर्नेको संख्या बढ्न सक्छ । यसबाट आन्तरिक पर्यटन प्रवर्धन भए पनि इन्धन खपत भने सोचेअनुरुप नघट्न सक्छ ।**




सरकारले २३ चैत २०८२ सोमबारदेखि लागू हुनेगरी साताको दुई दिन बिदा दिने निर्णय गरेको छ । सरकारी कार्यालय र शैक्षिक संस्थामा शनिबार र आइतबार बिदा दिने घोषणा गरेसँगै अब सातामा पाँच दिनमात्र कार्यालयहरू सञ्चालनमा आउने भएका छन् ।

विशेषगरी गत फेब्रुअरी अन्तिम दिन अमेरिका र इजरायलद्वारा इरानमाथि आक्रमण सुरु गरेयता पश्चिम एसियामा तनाव पैदा भएको छ । यस तनावले विश्वभर इन्धन आपूर्तिमा असहजता पैदा गरेको अवस्था छ। एकातिर पर्याप्त मात्रामा इन्धन पाउन सकिएको छैन भने अर्कोतर्फ यसको मुल्य दिन दुईगुणा, रात चौगुणाले वृद्धि भइरहेको छ । यसले नेपालजस्ता इन्धनमा शतप्रतिशत परनिर्भर मुलुक ठूलो चपेटमा परेका छन् । यस समस्या न्यूनीकरणका लागि धेरै देशले विभिन्न उपाय अपनाउन थालेका छन् । यसैक्रममा नेपाल सरकारले समेत साताको दुई दिन बिदालाई एउटा उपायका रूपमा अगाडि सारेको छ ।

सातामा दुई दिन सार्वजनिक बिदा लागू हुँदा इन्धन खपतमा उल्लेख्य कमी आउने सरकारको दाबी छ । नेपाल आयल निगम (एनओसी)का अनुसार देशभर दैनिक करिब २५ लाख लिटर पेट्रोल र ५० लाख लिटर डिजेल खपत हुँदै आएको छ । एकदिन थप बिदा हुँदा कुल खपतको करिब १० प्रतिशत अर्थात् दैनिक झण्डै ७ लाख ५० हजार लिटर इन्धन बचत हुनसक्ने अनुमान निगमको छ ।

यसैगरी, केही समयअघिको मूल्यअनुसार मुलुकभर दैनिक ९० करोड ३७ लाख ५० हजार रुपैयाँको डिजेल र ५० करोड १८ लाख ७५ हजार रुपैयाँको पेट्रोल खपत हुने गरेको निगमको तथ्यांक छ । यसरी दिनको करिब १ अर्ब ४० करोड ५६ लाख रुपैयाँको इन्धन खपत भइरहेको छ । सरकारको पछिल्लो निर्णयले कम्तिमा एकदिनको खपतमा केही कमी आउने आकलन गर्न सकिन्छ ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य दिनप्रतिदिन बढ्दोक्रममा छ । तथ्यांक हेर्ने हो भने गत २७ फेब्रुअरीसम्म प्रतिब्यारेल ७२ डलरमा कारोबार भइरहेको 'क्रुड आयल' ७ अप्रिलसम्म आइपुग्दा ११२ डलर प्रतिब्यारेल पुगेको छ । यो करिब ४०-५० प्रतिशतको वृद्धि हो । यदि अहिले देखिएको मध्यपूर्वको द्वन्द लामो समयसम्म कायम रहिरहयो भने तेलको मूल्य १५० देखि १८० डलरसम्म पुग्ने प्रक्षेपण गोल्डम्यान स्याक्स र जेपी मोर्गनजस्ता बहुराष्ट्रिय बैंकहरूले गरेका छन् ।

त्यसो त, नेपाल पूर्णरूपमा भारतीय आयल कर्पोरेसन (आईओसी)मार्फत इन्धनमा निर्भर छ । तर, भारत आफैं मध्यपूर्वबाट आयात हुने तेलमा निर्भर रहेका कारण यसको गहिरो असर नेपाली बजारमा परेको छ । नेपालमा पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू छ । छिमेकी मुलुक भारतको पेट्रोलियम पदार्थ व्यवस्थापन गर्ने संस्थान आईओसीले हरेक १५-१५ दिन अर्थात् प्रत्येक अंग्रेजी महिनाको १ र १५ तारिखमा नयाँ मूल्यसूची पठाउँछ । त्यसअनुसार यहाँ पनि मूल्य समायोजन हुनेगर्छ ।

पछिल्लो समय हरेकपटक आईओसीले भारी मूल्यवृद्धि गर्दै सूची पठाउने गरेको एनओसीले जनाएको छ । यसैकारण नेपाली बजारमा समेत दिनप्रतिदिन पेट्रोलियम पदार्थको मूल्यवृद्धि भइरहेको हो । मूल्यवृद्धिका बावजुद एनओसीलाई दैनिक करोडौं घाटा हुने गरेको तथ्यांक सार्वजनिक भएको छ । पेट्रोलियम पदार्थको मूल्य अकासिएसँगै पछिल्लो १५ दिनमा एनओसीको घाटा १७ अर्ब रुपैयाँ नाघेको जनाइएको छ । योक्रम रोकिने संकेत अहिलेसम्म देखिएको छैन । यसैकारण सरकारले इन्धन खपत घटाउने उद्देश्यले सातामा दुई दिन बिदाको निर्णय गरेको बुझिन्छ ।

सरकारले जुन उद्देश्यले बिदा योजना अगाडि सारेको छ, त्यो उद्देश्य प्राप्ति भने त्यति सहज देखिँदैन । आइतबारसमेत सार्वजनिक बिदा हुँदा अबका दिन लगातार दुईदिन बिदा हुनेछ । यसले गर्दा मानिसको फुर्सदको समय बढ्ने देखिन्छ । यसको उपयोगका लागि घुमफिर गर्नेको संख्या बढ्न सक्छ । यसबाट आन्तरिक पर्यटन प्रवर्धन भए पनि इन्धन खपत भने सोचेअनुरुप नघट्न सक्छ ।

त्यस्तै, घरमै लामो समय बिताउँदा पनि ग्यास प्रयोग बढ्न सक्ने देखिन्छ । यसैलाई मध्यनजर गर्दै एनओसीले सर्वसाधारणलाई बिदाको समय अनावश्यक यात्रा र निजी सवारी प्रयोगमा खर्च नगर्न आग्रहसमेत गरेको छ । यस समय यातायात प्रयोगबिना नै गर्न सकिने कार्य गर्ने, सार्वजनिक यातायात प्रयोग गर्ने, छोटो दूरीका लागि हिँड्ने वा साइकल प्रयोग गर्न सकिनेजस्ता विकल्पसमेत सुझाइएका छन् । नेपाल सरकारले अहिले गरेको दुईदिने बिदा अवधारणा नयाँ भने होइन । यसअघि पनि पटकपटक यस्तो व्यवस्था लागू गर्न खोजिएको देखिन्छ । तथापि, अहिलेसम्म सफल भएको देखिँदैन । २०४७ सालमा पहिलोपटक अदालतमा सातामा दुई दिन बिदा दिएर यसको सुरुवात गरिएको थियो । तर, यो सेवा लामो समयसम्म टिक्न सकेन । त्यसपछि तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको सरकारको पालामा भदौ २०५६ देखि परीक्षणका रूपमा काठमाडौं उपत्यकामा सातामा दुईदिने बिदा व्यवस्था लागू गरिएको थियो । यसबाट समेत अपेक्षित परिणाम नआएपछि सो व्यवस्था खारेज गरिएको थियो ।

त्यस्तै, इन्धन खपत कम गर्ने र वैदेशिक मुद्रा सञ्चितिमा सन्तुलन बनाइराख्ने उद्देश्यले १ जेठ २०७९ देखि लागू हुनेगरी तत्कालीन सरकारले सातामा दुईदिन बिदा दिने निर्णय कार्यान्वयनमा ल्याएको थियो । तथापि, यसले समेत निरन्तरता पाउन सकेन । यसबाट के प्रस्ट हुन्छ भने दुईदिने सार्वजनिक बिदा कार्यान्वयन पक्ष चुनौतीमुक्त भने छैन ।

सार्वजनिक बिदा सफल कार्यान्वयनका लागि सरकारले विशेषगरी नीति, प्रविधि र व्यवहार गरी तीन पक्षमा ध्यान दिनुपर्ने आवश्यक छ । सार्वजनिक नीतिअन्तर्गत ऐन, नियम, कानुन एवं करसँग सम्बधित पक्ष जोडिएका छन् । सरकारले यस पक्षमा कदम चालिसकेको देखिन्छ ।

भर्खरै पेट्रोलियम पदार्थको मूल्य नियन्त्रण र खपत व्यवस्थापनका लागि भन्दै सरकारले पेट्रोल, डिजेल र मट्टितेलमा लाग्दै आएको भन्सार महसुल र पूर्वाधार विकास करमा ५० प्रतिशत छुट दिने निर्णय गरेको छ । यसले तत्कालका लागि उपभोक्तालाई राहत नपुगे पनि एनओसीको घाटा न्यूनीकरण गर्ने महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । अर्कोतिर, यो व्यवस्थाले सरकारको राजश्व संकलनमा भने प्रतिकुल प्रभाव पार्नसक्ने अवस्था छ । यसै पनि अहिले मुलुकको आयव्ययमा देखिएको असन्तुलनले सरकारी ढुकुटी ऋणात्मक बनेको छ । अहिलेको नीतिले यो आकार अझ बढ्न सक्छ । यसको परिपूर्तिका लागि वैकल्पिक स्रोत जोहो गर्न जरुरी देखिन्छ ।

यसैगरी, सरकारले आवश्यकताअनुसार सवारी साधनमा जोरबिजोर प्रणाली लागू गर्ने तथा विद्युतीय सवारीसाधन र इथानोल प्रयोगलाई प्रोत्साहन गर्ने नीति समावेश छन् । प्रविधि क्षेत्रमा सरकारले इन्धन सवारी साधनलाई विद्युतीय सवारी साधन (ईभी)मा परिवर्तन (कन्भर्ट) गर्न पाउने बाटो खुलाएको छ । भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले सवारी साधनमा इन्धन प्रणाली फेरबदल गर्न पाउने व्यवस्थासहितको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्दै बाटो खुलाएको हो ।

नेपाल सरकारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७६ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३९ को उपदफा (२)को प्रतिबन्धात्मक वाक्यांश तीन वर्षसम्म लागू नहुनेगरी इन्धन प्रणालीमा वातावरणमैत्री वा ऊर्जा दक्षतामूलक फेरबदल गरिने सवारी साधनको हकमा छुट दिने भनी राजपत्रमा सूचना प्रकाशित गरिएको छ । योसँगै अब सवारीधनीले आफूसँग भएको इन्धन गाडीलाई तीन वर्षभित्र ईभीमा कन्भर्ट गर्नसक्ने छन् । यद्यपि, कानुनी बाटो खुले पनि मापदण्ड बनिनसकेकाले तत्कालै कार्यान्वयनमा भने आउने देखिँदैन । तर पनि मापदण्ड बनेपछि भने यो प्रक्रिया अगाडि बढ्ने आशा गर्न सकिन्छ । यसले दीर्घकालसम्म इन्धन संकट न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ ।

मुलुकमा भविष्यमा आउनसक्ने इन्धन संकटबाट बच्न सबैभन्दा महत्वपूर्ण आम नागरिकको व्यवहारमा परिवर्तन ल्याउन जरुरी छ । घरायसी कामकाजदेखि कार्यालयसम्म, व्यापार-व्यावसयदेखि उद्योग कलकारखानासम्म, शैक्षिक संस्थादेखि खेलकुदका क्षेत्रसम्म कम इन्धन खपत हुने उपाय अपनाउन आवश्यक देखिन्छन् ।

विशेषगरी, आयातित इन्धनका स्रोतहरू जस्तै पेट्रोल, डिजेल, ग्यासमा भन्दा स्वदेशमै उत्पादन हुनसक्ने विद्युत्, सौर्यऊर्जा, बायोग्यासजस्ता इन्धनका स्रोतलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । सरकारले इन्धन खपतका लागि हालै ल्याएको दुईदिने सार्वजनिक बिदा प्रभावकारी कार्यान्वयका लागि सबै उत्तिकै जिम्मेवार हुन जरुरी देखिन्छ । आमजनताले अनावश्यक खर्च कटौती गर्दै आफ्नो दैनिकीलाई मितव्ययी बनाउने, निजी एवं सार्वजनिक निकायले स्थानीय स्रोतसाधन उपयोगलाई प्राथमिकता दिने र सरकारले यसको उचित नियमन गरेको खण्डमा थप गरिएको सार्वजनिक बिदाले सार्थकता पाउन सक्ने देखिन्छ ।

*(लेखकको यो निजी विचार हो)*

## पाठक मञ्च

लेख-रचना-प्रतिक्रियाका लागि इमेल गर्नुहोस् : bicharrajdhani@gmail.com

### सामाजिक सञ्जालको दुरुपयोग बढ्दो चिन्ता

अहिले सामाजिक सञ्जाल मानिसको दैनिकीको अभिन्न हिस्सा बनिसकेको छ । फेसबुक, टिकटक, युट्युब, इन्स्टाग्राम र एक्सजस्ता माध्यमले सूचना आदानप्रदान, मनोरञ्जन तथा आफ्ना विचार व्यक्त गर्ने अवसर दिएका छन् । तर, पछिल्लो समय सामाजिक सञ्जाल दुरुपयोग अत्यधिक बढ्दै गएको देखिन्छ । गलत सूचना फैलाउने, अरूको चरित्र हत्या गर्ने, घृणा र अफवाह फैलाउने तथा अश्लील वा हिंसात्मक सामग्री प्रसारण गर्ने प्रवृत्ति दिनानुदिन बढिरहेका छन् । यसले समाजमा नकारात्मक असर पारिरहेको छ ।

सामाजिक सञ्जालमा कुनै पनि सूचना केही सेकेन्डमै हजारौं मानिससम्म पुग्छ । तर, दुर्भाग्यवश धेरै मानिसले सूचना सत्य हो कि होइन ? भनेर जाँच नगरी सेयर गर्ने गरेका छन् । यसका कारण झुटा समाचार, अफवाह र भ्रम फैलिन थालेका छन् । कुनै दुर्घटना, राजनीतिक घटना वा सामाजिक विषयमा अपुष्ट समाचार फैलिँदा समाजमा डर, तनाव र द्वन्द्वसमेत उत्पन्न हुने गरेका छन् । कतिपय अवस्थामा झुटा सूचनाले निर्दोष मानिसलाई बदनाम बनाएको छ ।

विशेषगरी किशोरकिशोरी र युवावर्ग सामाजिक सञ्जाल अत्यधिक प्रयोगबाट बढी प्रभावित भएका छन् । पढाइमा ध्यान कम हुनु, रातभर मोबाइल चलाउने बानी बस्नु, अरूसँग तुलना गरेर हिन भावना पैदा हुनु तथा मानसिक तनाव बढ्नु अहिले सामान्य समस्या बन्दै गएको छ । कतिपय युवा टिकटक वा फेसबुकमा चर्चित बन्ने नाममा जोखिमपूर्ण काम गर्छन् । सडकमा अनावश्यक भिडियो बनाउने, झगडा गर्ने, अश्लील सामग्री पोस्ट गर्ने वा अरूलाई होच्याउने गतिविधि बढेका देखिन्छन् । यसले सामाजिक मूल्य र संस्कृतिमा समेत असर पुऱ्याएको छ ।

साइबर अपराध पनि सामाजिक सञ्जालकै माध्यमबाट बढिरहेको छ । अरूको फोटा वा भिडियो दुरुपयोग गर्ने, नक्कली खाता बनाएर ठगी गर्ने, धम्की दिने तथा व्यक्तिगत जानकारी चोरी गर्ने घटना दिनहुँ सुनिन्छन् । धेरै महिला सामाजिक सञ्जालमा अभद्र टिप्पणी, अश्लील सन्देश र अनावश्यक दबाबको सिकार भएका छन् । बालबालिकासमेत अनलाइन हिंसा र गलत सामग्रीको जोखिममा परेका छन्। तर धेरैजसो पीडितले कानुनी प्रक्रिया झन्झटिलो हुने डरले उजुरी गर्न सक्दैनन् ।

यस समस्याको समाधानका लागि पहिलो जिम्मेवारी प्रयोगकर्ताकै हो । हामीले कुनै सूचना सेयर गर्नुअघि त्यसको सत्यता जाँच गर्नुपर्छ । सामाजिक सञ्जाललाई ज्ञान, सूचना र सिर्जनात्मक कामका लागि प्रयोग गर्नुपर्छ । अरूको गोपनीयता र सम्मानलाई ख्याल राख्नुपर्छ । आफ्नो अभिव्यक्ति स्वतन्त्रता प्रयोग गर्दा अरूलाई चोट नपुग्नेगरी जिम्मेवार बन्न आवश्यक छ ।

त्यस्तै, अभिभावकले बालबालिकाको मोबाइल प्रयोगमा ध्यान दिनुपर्छ । विद्यालयमा डिजिटल साक्षरता सम्बन्धी शिक्षा दिनुपर्छ ताकि विद्यार्थीले सही र गलत सामग्री छुट्याउन सकून् । सरकारले पनि साइबर अपराध नियन्त्रणका लागि कडा कानुन कार्यान्वयन गर्नुपर्छ । प्रहरी र सम्बन्धित निकायलाई प्रविधिमैत्री बनाउँदै पीडितलाई छिटो न्याय दिने व्यवस्था गर्न आवश्यक छ । सामाजिक सञ्जाल आफैंमा खराब होइन । सही प्रयोगले धेरै फाइदा पुग्न सक्छ । दुरुपयोग बढ्दै गएमा यसले व्यक्ति, परिवार र समाजलाई गम्भीर क्षति पुऱ्याउन सक्छ । त्यसैले सबै पक्ष सचेत भई सामाजिक सञ्जाललाई जिम्मेवार र सकारात्मक ढंगले प्रयोग गर्नुपर्ने आवश्यक छ ।

▪ **चाँदनी तामाङ**
गल्छी, धादिङ

### ग्रामीण क्षेत्रका नागरिकलाई बढी असर

सरकारले सार्वजनिक यातायातमा गरेको भारी मूल्यवृद्धिको असर सबैभन्दा बढी ग्रामीण र दुर्गम क्षेत्रका नागरिकले भोग्नुपरेको छ । सहरमा बस्ने मानिससँग विकल्प हुन सक्छ, तर गाउँमा बस्ने नागरिकका लागि सार्वजनिक यातायात नै एकमात्र माध्यम हो । त्यसैले भाडा बढ्नु भनेको उनीहरूको दैनिक जीवन नै झन् कठिन बन्नु हो ।

नेपालका धेरै गाउँहरू अझै पनि सडक, स्वास्थ्य, शिक्षा र बजारसँग राम्रोसँग जोडिएका छैनन् । गाउँबाट सदरमुकाम, बजार वा अस्पताल पुग्न घण्टौं यात्रा गर्नुपर्ने बाध्यता छ । यस्तो अवस्थामा सार्वजनिक बस वा जीपको भाडा बढ्दा सर्वसाधारण गाउँले ठूलो समस्यामा परेका छन् ।

पहिले गाउँबाट जिल्लाको सदरमुकाम पुग्न ३ सय रुपैयाँ लाग्थ्यो भने अहिले ४ सय वा ५ सय रुपैयाँ तिर्नुपर्ने अवस्था आएको छ । कुनै बिरामीलाई अस्पताल लैजानुपऱ्यो भने परिवारले एकैचोटी हजारौं रुपैयाँ खर्च गर्नुपर्छ । त्यसमाथि अस्पतालको उपचार खर्च, औषधि र बसोबास खर्च थपिँदा गरिब परिवार ऋणमा डुब्न बाध्य हुन्छ ।

ग्रामीण क्षेत्रका किसान पनि यस निर्णयबाट अत्यन्त प्रभावित भएका छन् । किसानले उत्पादन गरेको दूध, तरकारी, अन्न, फलफूल र अन्य वस्तु बजारसम्म ल्याउन यातायातकै भर पर्नुपर्छ । यातायात महँगो भएपछि ढुवानी खर्च बढ्छ र किसानको नाफा घट्छ । कतिपय अवस्थामा किसानले उत्पादन बजारमा पठाउनै नसक्ने अवस्था आउँछ । यसले गाउँको अर्थतन्त्र कमजोर बनाउँछ ।

▪ **कोशिश क्षेत्री**
नयाँपाटी, काठमाडौं

### विकल्पबिनै किन गरियो मूल्यवृद्धि ?

ग्रामीण क्षेत्रका विद्यार्थी, कर्मचारी र मजदुर पनि दैनिक यात्रा गर्न बाध्य छन् । उनीहरूलाई गाउँबाट बजार वा सहर पुग्न लामो दूरी तय गर्नुपर्छ । अब यातायात खर्च बढेपछि उनीहरूको आम्दानीको ठूलो हिस्सा यात्रामै खर्च हुनेछ ।

सरकारले मूल्यवृद्धि गर्दा ग्रामीण नागरिकको अवस्थालाई ध्यान दिएको देखिँदैन । काठमाडौं वा अन्य सहरमा बस्ने मानिससँग निजी सवारी, साइकल वा पैदल यात्रा गर्ने विकल्प हुन सक्छ । तर पहाडी र हिमाली क्षेत्रका मानिससँग त्यस्तो सुविधा छैन । उनीहरूलाई एउटै बस वा जीपको भर पर्नुपर्छ । त्यसैले ग्रामीण क्षेत्रमा भाडा वृद्धि गर्नु भनेको जनताको आधारभूत अधिकारमाथि चोट पुऱ्याउनु हो । यदि सरकारले वास्तवमै ग्रामीण क्षेत्रको विकास चाहेको हो भने यातायातमा सहुलियत दिनुपर्छ । दुर्गम क्षेत्रका लागि विशेष अनुदानको व्यवस्था गर्नुपर्छ । गाउँमा चल्ने बस वा जीपलाई इन्धनमा छुट, करमा सहुलियत वा सरकारी सहयोग दिन सकिन्छ । यसले यातायात व्यवसायीलाई पनि राहत मिल्छ र जनतालाई पनि थप बोझ पर्दैन ।

यसैगरी, ग्रामीण क्षेत्रमा सडक पूर्वाधार राम्रो बनाउनु आवश्यक छ । खराब सडकका कारण पनि यातायात खर्च बढिरहेको छ । यदि सडक राम्रो भयो भने सवारी साधनको मर्मत खर्च कम हुन्छ र भाडा पनि घट्न सक्छ ।

हामीले बुझ्नुपर्छ कि यातायात यात्रा गर्ने साधनमात्र होइन । यो शिक्षा, स्वास्थ्य, व्यापार र विकाससँग जोडिएको विषय हो । यदि गाउँका मानिस यातायात खर्चकै कारण अस्पताल, विद्यालय वा बजार पुग्न सक्दैनन् भने त्यो राष्ट्रको समग्र विकासका लागि गम्भीर समस्या हो । त्यसैले सरकारसँग अनुरोध छ, 'ग्रामीण र दुर्गम क्षेत्रका नागरिकको पीडालाई बुझेर यातायात भाडा वृद्धिको निर्णय पुनर्विचार गरियोस् र आवश्यक सहुलियत व्यवस्था गरियोस् ।'

▪ **अमन बजगाईं**
तीनपाने, दक्षिण ललितपुर

### महँगीको चक्र झन् तीव्र बनाउने निर्णय

सरकारले सार्वजनिक यातायात क्षेत्रमा गरेको मूल्यवृद्धि यात्रुका लागिमात्र समस्या होइन, यसले समग्र बजारमा महँगीको नयाँ लहर ल्याउने निश्चित छ । यातायात खर्च बढेपछि त्यसको असर प्रत्येक वस्तु र सेवाको मूल्यमा पर्छ । त्यसैले यो निर्णयले सर्वसाधारणको जीवन झन् कष्टकर बनाउने छ । हाम्रो देशमा अधिकांश सामान एकबाट अर्को ठाउँमा ढुवानी गरेर पुऱ्याइन्छ । गाउँबाट तरकारी, दूध, अन्न, फलफूल, कुखुरा र अन्य उत्पादन बजारमा ल्याइन्छन् ।

उद्योगबाट उत्पादन भएका सामान पसलसम्म लैजानुपर्छ । यी सबै कामका लागि यातायात आवश्यक हुन्छ । जब यातायात खर्च बढ्छ, व्यापारी र उत्पादकले त्यो खर्च वस्तुको मूल्यमा थप्छन् । अन्ततः त्यो बोझ उपभोक्ताले तिर्नुपर्छ । आज बजारमा चामल, दाल, तेल, तरकारी, ग्यास, लुगा, औषधि सबैको मूल्य पहिल्यै बढिरहेको छ । अब यातायात भाडा बढेपछि यी वस्तु अझ महँगा हुने छन् । विशेषगरी गरिब र मध्यमवर्गीय परिवारलाई दैनिक आवश्यक सामान किनेरै धान्न मुस्किल हुनेछ ।

किसानले गाउँबाट बजारसम्म तरकारी ल्याउँदा पहिले सय रुपैयाँ ढुवानी खर्च हुन्थ्यो भने अब १ सय ५० देखि २०० रुपैयाँ पर्न सक्छ । व्यापारीले त्यही खर्च उपभोक्तासँग उठाउँछ । त्यसैले बजारमा तरकारीको मूल्य स्वतः बढ्छ । यही कुरा अन्य वस्तुमा पनि लागू हुन्छ । सार्वजनिक यातायातमा भाडा बढेपछि निजी क्षेत्रका सेवा पनि महँगा हुन्छन् । विद्यालय, अस्पताल, होटल, उद्योग, कार्यालय सबैले आफ्ना कर्मचारीको यातायात खर्च वा सामान ढुवानी खर्चका कारण अतिरिक्त शुल्क लिन थाल्छन् । यसले महँगीको चक्रलाई अझ तीव्र बनाउँछ । तर दुःखको कुरा आमनागरिकको तलब र आम्दानी भने त्यही अनुपातमा बढेको छैन । सरकारी कर्मचारी, निजी क्षेत्रका कामदार, मजदुर, किसान सबैको आय सीमित छ । आय नबढी खर्चमात्र बढ्दै जाने हो भने मानिसको जीवनस्तर झन् कमजोर हुन्छ । सरकारले महँगी नियन्त्रण गर्ने दायित्व बोकेको हुन्छ । तर सरकारले नै यस्तो निर्णय गरेर महँगी बढाउने काम गर्नु दुःखद छ ।

▪ **सागर देशार**
चापागाउँ, ललितपुर

### युवापुस्ताको विदेश पलायन विकराल समस्या

युवापुस्ताको विदेश पलायन नेपालका गाउँदेखि सहरसम्म एउटा गम्भीर समस्या बढ्दै गएको छ । रोजगारी, उच्च शिक्षा र राम्रो भविष्य खोजीमा हरेक दिन हजारौं नेपाली देश छोडेर विदेश गइरहेका छन् ।

त्रिभुवन विमानस्थलमा बिहानदेखि बेलुकासम्म बिदाइका दृश्य देखिन्छन् । परिवारका सदस्य आँसु बगाउँदै बिदा गरिरहेका हुन्छन् भने युवा अनिश्चित भविष्य बोकेर परदेशतर्फ लागिरहेका छन् । यो अवस्था अब सामान्यजस्तो देखिन थाले पनि वास्तवमा देशको भविष्यका लागि निकै चिन्ताजनक विषय हो । नेपालका अधिकांश युवा आफ्नो देशमा मेहनत गरेर पनि राम्रो अवसर नपाउने गुनासो गर्छन् । पढाइ पूरा गरेपछि उपयुक्त रोजगारी नपाउनु, काम पाए पनि न्यून तलब हुनु, राजनीतिक पहुँच र नातावादका आधारमा अवसर बाँडिनु तथा अस्थिर अर्थतन्त्रका कारण धेरै युवामा निराशा बढेको छ । गाउँघरमा खेतीपाती गर्ने पनि लागत बढेको, बजार नपाएको र सरकारी सहयोग नपाएको भन्दै विदेश जान बाध्य भएका छन् । यसरी देशभित्र काम गर्ने वातावरण नहुँदा युवालाई विदेश नै अन्तिम विकल्पजस्तो लाग्न थालेको छ ।

▪ **मनोज महर्जन**
खोकना, ललितपुर

# अन्धकारबाट उज्यालोतर्फको यात्रा, साईपालका बस्तीमा झिलिमिली बत्ती



**डीबी विष्ट/राजधानी**
बझाङ, २६ चैत

आजभन्दा करिब ६५-७० वर्षअघि बझाङको साइपाल गाउँपालिका भोकमरी, अभाव र अन्धकारको पर्याय जस्तै थियो। बस्तीहरूमा न अन्नको सुनिश्चितता थियो, न त उज्यालोको कुनै साधन नै। प्रकृतिसँग संघर्ष गर्दै जीवन धान्नु नै यहाँका नागरिकको दैनिकी थियो।

त्यो समय सम्झिँदा साइपाल गाउँपालिका-१ का धनमल धामीको अनुहारमा अझै पनि पीडाको छायाँ देखिन्छ। उनी त्यसबेला ५-६ वर्षका थिए। तर बाल्यकालका उनका ती तीता अनुभव समयले मेट्न सकेको छैन।

'गाउँमा पर्याप्त मात्रामा अन्न उत्पादन हुँदैनथ्यो, खेतबारीले तीन महिना पनि खान नपुग्ने अवस्था थियो,' धामी सम्झन्छन्, 'ज्यान जोगाउन जंगलमा जाने, टुना, पागर, कन्जडा, तरुल, भिड्याइतीका जरा खोजेर ल्याउने-त्यही नै यहाँका स्थानीयको जीवनको आधार थियो।'

त्यो समयमा उज्यालोको कुनै कल्पना पनि थिएन। साँझ पर्नासाथ गाउँहरू अन्धकारमा डुब्थे। उज्यालोका लागि स्थानीयहरू जंगलमा पाइने निगालो, बाँस र सल्लाको झरोमा भर पर्नुपर्ने बाध्यता थियो। झरो बालेर घरभित्र उज्यालो पार्ने त्यो समय आजका पुस्ताका लागि कल्पना जस्तै छ।

धामीले भने, 'अलिकति हुनेखानेहरूले धेरैपछि मट्टितेल र सोलार ल्याए। हाम्रा लागि त निगालो र झरो नै उज्यालोको मुख्य आधार थियो।' तर समय परिवर्तन भएसँगै साइपालको कथा पनि फेरियो। आज यही साइपाल गाउँपालिका उज्यालोले झलमल्ल भएको छ। घरघरमा बिजुली पुगेको छ। विद्युत् केवल घरभित्र मात्र नभई, पशुचौपाया राख्ने गोठसम्म पनि जडान भएका छन्।

'अहिले गाउँ नै झिलिमिली भएको छ,' धामी अनुहारमा मुस्कान र स्वरमा गर्व मिलाउँदै भन्छन्, 'ढिलै भएपनि हाम्रै पालामा यस्तो परिवर्तन देख्न पाइयो। पहिले एक छाक खान पनि धौ-धौ थियो, अहिले चाहेको बेला जे पनि पाइन्छ।'

स्थानीय तहको स्थापनासँगै आएको विकासले साइपालको स्वरूप फेरिएको धामीको बुझाइ छ। वर्षौंदेखि खेर गइरहेका खोलानालाका पानीलाई उपयोग गर्दै साना-ठूला जलविद्युत् आयोजना सञ्चालनमा आएका छन्। साइपाल गाउँपालिकाको वडा नम्बर १ देखि ५ सम्मका सबै टोलबस्तीमा अहिले विद्युतको पहुँच पुगेको छ। भौगोलिक रूपमा अत्यन्त विकट र दुर्गम भएपनि विद्युतीकरणका हिसाबले साइपाल गाउँपालिका जिल्लाकै अग्रणी रहेको छ।

साइपाल गाउँपालिका-४ का वडाध्यक्ष जयसिंह रोकायाले भने, 'अन्य पूर्वाधारमा अझै केही समस्या भए पनि विद्युत्को पहुँचले गाउँको जीवनशैली नै बदलिएको हामीले पाएका छौं। स्थानीय सरकार आएपछि यो सम्भव भएको हो।'

पहिले बेलुकीदेखि बिहानसम्म मात्र सीमित विद्युत् सेवा पाइने यहाँ अहिले भने नागरिकले दिनभर नै प्रयोग गर्न सक्ने अवस्था बनेको छ।

गाउँपालिका अध्यक्ष मानबहादुर बोहराका अनुसार साइपाल गाउँपालिका वडा नम्बर ३ मा वैकल्पिक ऊर्जा अन्तर्गत ६८ किलोवाट क्षमताको मिनीग्रिड परियोजना सञ्चालनमा आई सम्पन्न भएको छ।

'झन्डै ६ करोड रुपैयाँ लागतमा निर्माण भएको यस आयोजनाले अब बिहान बेलुका मात्र नभई आवश्यक परेको जुनसुकै समयमा पनि विद्युत् प्रयोग गर्न सकिने अवस्था बनेको छ,' अध्यक्ष बोहराले भने।

अध्यक्ष बोहराका अनुसार, वडा नम्बर १ र २ मा ३ किलोवाट, धलौनमा १२ किलोवाट, काँडामा १२ किलोवाट र न्यूनामा ४ किलोवाट क्षमताका साना जलविद्युत् आयोजना सञ्चालनमा छन्।

यसैगरी, साइपाल गाउँपालिका वडा नम्बर १ देखि ५ सम्मलाई समेट्ने गरी कातुरी संस्थामार्फत १०० किलोवाट क्षमताको बलौडी जलविद्युत् आयोजनाको सर्वेक्षण सम्पन्न भइसकेको छ। निकट भविष्यमा सो आयोजनाको निर्माण कार्य अघि बढाइने तयारी भएको बताउँदै बोहराले भने, 'यो परिवर्तन केवल विद्युत्मा सीमित नभई साइपाल गाउँपालिकाको जीवनशैली, सोच र सम्भावनामा आएको ठूलो रूपान्तरण हो, परिवर्तन हो।'

हिजो भोकमरी र अन्धकारमा डुबेको साइपाल गाउँपालिका आज उज्यालोको प्रतीक बनेको छ।

# सुदूरपश्चिममा चिकित्सा शिक्षाको नयाँ युग

■ आगामी शैक्षिक सत्रदेखि पढाइ सुरु हुने

**दीपक ओली/राजधानी**
धनगढी, २६ चैत

सुदूरपश्चिम प्रदेशका लागि बहुप्रतीक्षित स्वास्थ्य शिक्षा केन्द्रका रूपमा रहेको शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय अब औपचारिक रूपमा सञ्चालनमा आउने भएको छ। कैलालीको गेटामा अवस्थित यस विश्वविद्यालयमा आगामी शैक्षिक सत्रदेखि नै चिकित्सा शिक्षाको पठनपाठन सुरु गरिने निर्णय गरिएको छ।

विश्वविद्यालय सभाको चौथो बैठकले चार वटा संकायमा अध्ययन-अध्यापन सुरु गर्ने निर्णय गरेको हो। शिक्षा, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा सम्पन्न बैठकले विश्वविद्यालय सञ्चालनसँगै विद्यार्थी भर्ना कोटा पनि निर्धारण गरेको छ।

विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. सुनिलकुमार जोशीका अनुसार आगामी शैक्षिक सत्रदेखि कक्षाहरू औपचारिक रूपमा सञ्चालन गरिनेछन्। निर्णयअनुसार ५० जना एमबीबीएस, ३० जना बीएस्सी नर्सिङ, २० जना बीएमएलटी र २० जना अप्टोमेट्रीतर्फ विद्यार्थी भर्ना गरिनेछ। साथै ३०० शय्याको शिक्षण अस्पताल सञ्चालन गर्ने तयारी पनि अघि बढाइएको छ।

सरकारले विश्वविद्यालय सञ्चालनका लागि आवश्यक वित्तीय स्रोत सुनिश्चित गरिसकेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७५ प्रतिशत छात्रवृत्तिको व्यवस्था गरेको छ। आर्थिक वर्ष २०८२/८३ को जेठ-असारका लागि चिकित्सकहरूको तलबबापत ५ करोड रुपैयाँ बजेट उपलब्ध गराइएको छ भने आगामी वर्षका लागि २ अर्ब ५३ करोड रुपैयाँ बजेट माग गर्दै अर्थ मन्त्रालयमा प्रस्ताव पेस गरिएको छ।

सिनेट बैठकले विश्वविद्यालय सभामा दुई महिला र दुई पुरुष सदस्य मनोनयन गरेको भए पनि उनीहरूको नाम भने सार्वजनिक गरिएको छैन। यसअघि विश्वविद्यालयका तीन वटा बैठक काठमाडौंमा बसेका थिए भने पहिलोपटक गेटामै बैठक सम्पन्न भएको हो।

कानुनी व्यवस्थाअनुसार विश्वविद्यालयको सर्वोच्च निकायका रूपमा सभा गठन गरिएको छ, जसको अध्यक्ष शिक्षामन्त्री रहने प्रावधान छ।

सभामा स्वास्थ्यमन्त्री, सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री, विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष, उपकुलपति तथा गोदावरी नगरपालिकाका प्रमुख सदस्य रहने व्यवस्था छ। साथै अन्य विश्वविद्यालयका एक उपकुलपति सदस्य रहने प्रावधानअनुसार सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. हेमराज पन्तलाई यसअघि नै मनोनयन गरिएको थियो।

गोदावरी नगरपालिका-५ मा करिब ५१ हेक्टर क्षेत्रफलमा फैलिएको विश्वविद्यालयमा हालसम्म नेपाल सरकारले ६ अर्ब रुपैयाँभन्दा बढी लगानी गरिसकेको छ। ४२ वटा भवन निर्माण सम्पन्न भइसकेका छन्। २९ माघ २०८० को मन्त्रिपरिषद् बैठकले विश्वविद्यालय स्थापना तथा सञ्चालन गर्ने निर्णय गरेको थियो।

शिक्षामन्त्री सस्मित पोखरेलले आवश्यक बजेट सुनिश्चित भइसकेकाले आगामी शैक्षिक सत्रदेखि जसरी पनि पठनपाठन सुरु हुने स्पष्ट पारे। उनले यो परियोजना देशकै गौरवको योजना भएकाले कुनै पनि हालतमा कार्यान्वयनमा लैजाने बताए। कैलाली क्षेत्र नम्बर ५ का प्रतिनिधिसभा सदस्य डा. आनन्द चन्दले विश्वविद्यालय सञ्चालनमा कुनै शंका नरहेको उल्लेख गर्दै यसले सुदूरपश्चिममा शिक्षा र स्वास्थ्य सेवामा नयाँ अवसर सिर्जना गर्ने विश्वास व्यक्त गरे।

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा आउनु सुदूरपश्चिमका लागि ऐतिहासिक उपलब्धिका रूपमा हेरिएको छ। यसले क्षेत्रमै गुणस्तरीय चिकित्सा शिक्षा उपलब्ध गराउनुका साथै स्वास्थ्य सेवाको विस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ। साथै, उच्च शिक्षा अध्ययनका लागि बाहिर जानुपर्ने बाध्यता कम भई क्षेत्रीय विकासमा समेत महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ।

# बाबुछोरी ८ दिनदेखि सम्पर्कविहीन

**गुल्मी/रास-** गुल्मीमा बाबुछोरी ७ दिनदेखि सम्पर्कविहीन भएका छन्।

जिल्लाको धुर्कोट गाउँपालिका-४ जैसीथोक निवासी अन्दाजी ३५ वर्षीय झम्मन गिरी आफ्नी तीन वर्षीया छोरीसहित गत शुक्रबारदेखि सम्पर्कविहीन भएका हुन्। गिरीकी श्रीमतीको एक वर्षअगाडि मृत्यु भएको थियो।

त्यसपछि गिरीले वडा कार्यालयबाट गाउँमा आर्थिक संकलन गर्ने उद्देश्यसहित गरिबीको पत्र बनाएका थिए। सोही पत्रको आधारमा चन्दा उठाएर मादक पदार्थ सेवन गरी छोरीसहित झम्मन सम्पर्कविहीन भएको स्थानीय मानबहादुर कुँवरले जानकारी दिए।

धुर्कोटकै हुलाकेमा खिचेको उनीहरूको भिडियो यतिबेला सामाजिक सञ्जालमा भाइरल भएको छ। भिडियो भाइरल भएसँगै बाल अधिकारकर्मी, महिला अधिकारकर्मीलगायतले बालिकाको खोजी गरिरहेका छन्। गिरीको घरमा एक वर्षयता बाबुछोरी मात्रै बस्दै आएका थिए। सन्तानमा उनकी एक्ली छोरी थिइन्।

जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक नारायण अधिकारीले बाबुछोरीको खोजतलासी गर्ने कार्य जारी रहेको बताए। मातहतका सबै निकायमा जानकारी गराएको र उनीहरूको लोकेसन ट्र्याक गर्ने काम भएको अधिकारीले जानकारी दिए।

पृष्ठ १ बाट क्रमशः

## १३ दिनपछि...

जिल्ला सरकारी वकिलको कार्यालयको रायका आधारमा प्रहरीले दुवैजनालाई पूरक बयान र अनुसन्धानमा सहयोग गर्ने सर्तमा कागज गरेर छाडेको हो। यसअघि अदालतले उनीहरूलाई अनुसन्धानका लागि अन्तिमपटक थप म्यादभित्र मुद्दा दर्ता गरेर अदालतको आदेशअनुसार गर्न नसके थप अनुसन्धानका लागि हिरासतमा राख्न म्याद नथप्न आदेश दिएको थियो।

अदालतले दिएको आदेशअनुसारको म्याद सकिएको भोलिपल्ट दुवैजनालाई प्रहरीले हिरासतमुक्त गरेको हो। हिरासतमुक्त भएपछि ओलीले आफूलाई गैरकानुनीरूपमा धरपकड गरेको प्रतिक्रिया दिएका छन्।

दुवै नेतालाई उनीहरूका पत्नीले जिम्मा लिएका छन्। ओलीलाई पत्नी राधिका शाक्य र लेखकलाई पत्नी यशोदा जोशीले जिम्मा लिएका हुन्। उनीहरूलाई गत १४ चैतमा निवासबाटै पक्राउ गरिएको थियो। पक्राउ र हिरासत गैरकानुनी दाबी गर्दै दुवै नेताले १५ चैतमा सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरण रिट दायर गरेका थिए।

रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र सुनिल पोखरेलको इजलासले अनुसन्धानका लागि म्याद थप नगर्न र अनुसन्धान नसकिए हाजिर जमानीमा रिहा गर्न गत २३ चैतमा आदेश दिएको थियो। सो आदेशपछि उनीहरू रिहा भएका हुन्।

'अनुसन्धानको क्रममा खोजी भएका बखत र अनुसन्धानमा सहयोग गर्ने सर्तमा माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्नु भनी निर्देश प्राप्त हुन आएको हुँदा यस कार्यालयको हाजिर जमानीमा छाड्ने सहमति पत्रमा जिल्ला सरकारी वकिलको कार्यालयद्वारा सहमति प्रदान भई आएको हुँदा अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहेका प्रतिवादी (केपी ओली, रमेश लेखक) लाई पूरक बयान र अनुसन्धानमा सहयोग गर्ने सर्तमा खोजी भएको बखत उपस्थित गराउने जमानीमा छाड्नु पर्ने भएकोले तपाईंलाई जिम्मा लगाइएको छ,' प्रहरीको पत्रमा उल्लेख छ।

प्रहरीले ओली र लेखक दुवैको बयान लिइसकेको छ। गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले ओली र लेखकसहितलाई मुलुकी अपराध संहिता २०७४ को दफा १८१ र १८२ अनुसार कारबाही गर्न सिफारिस गरेको छ।

आयोगले यस्तै कारबाही गर्न सिफारिस गरेका तत्कालीन प्रहरी प्रमुख चन्द्रकुवेर खापुङलाई भने सरकारले कारबाही अगाडि नबढाई थप अनुसन्धान गर्ने निर्णय गरिसकेको छ। ओली र लेखकलाई जस्तै कारबाही सिफारिस भएका काठमाडौं जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई पनि सरकारले पक्राउ गरी हाजिर जमानीमा छाडिसकेको छ।

## रास्वपा विधानमै...

रास्वपा सभापति लामिछानेले हस्ताक्षर गरी प्रधानमन्त्री साहलाई लेखेको पत्रमा पार्टी विधानको धारा ६९ आधार मानी जिम्मेवारीबाट फिर्ता बोलाइएको छ। रास्वपाको विधानको धारा ६९ मा जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकारको व्यवस्था गरिएको छ।

अनुशासन आयोगको सिफारिसमा पार्टी सदस्य र पदाधिकारीमाथि कारबाही गर्नुपर्ने अवस्थामा केन्द्रीय समितिले गर्नुपर्ने विधानको व्यवस्था छ। विधानमा जनप्रतिनिधि र पार्टीका नेता कार्यकर्तालाई कुनै पनि समिति र आयोगको सिफारिसमा कारबाही गर्ने एकल अधिकार दिइएको छैन।

विधानको धारा ४६ मा अनुशासन आयोग सम्बन्धी व्यवस्था छ। धारा ४७ को उपधारा ७ मा आयोगको काम कर्तव्य र अधिकार तोकिएको छ। जहाँ पार्टीका तर्फबाट नियुक्त भएका पदाधिकारीले पार्टी निर्णय विपरीतका क्रियाकलाप र सम्पत्ति छानबिन गर्नेबाहेक मन्त्री या लाभको पदमा बसेकाहरूमाथि अनुशासनको कारबाही गर्ने अधिकार उल्लेख छैन।

लामिछानेले हटाउन सिफारिस गर्दा प्रयोग गरेको विधानको धारा ६९ मा मन्त्री नभएर जनप्रतिनिधिलाई फिर्ता बोलाउन सकिने व्यवस्था छ।

'पार्टीका सम्बन्धित क्षेत्रको साधारण सदस्यहरूलाई आफ्ना जनप्रतिनिधिले चित्त बुझ्दो काम नगरे फिर्ता बोलाउन पाउने अधिकार हुनेछ। केन्द्रीय समितिले बनाउने नियमावली बमोजिम सम्बन्धित क्षेत्रको साधारण सदस्यहरू निश्चित संख्या वा प्रतिशतले निर्णय गरे पार्टीको केन्द्रीय समितिले सम्बन्धित जनप्रतिनिधिको पदको खारेजीलाई प्रक्रिया सुरु गरिनेछ,' विधानको धारा ५९ (१)मा भनिएको छ।

विधानको सो धारामा पार्टीका समानुपातिक जनप्रतिनिधिले पार्टी हित विपरीत काम गरेमा वा कार्यसम्पादन मुल्यांकनको आधारमा वा अन्य मनासिब कारण भएमा केन्द्रीय समितिले फिर्ता बोलाउन सक्ने उल्लेख छ।

सभापति लामिछानेले पार्टीका जनप्रतिनिधि फिर्ता बोलाउने प्रयोजनका लागि विधानमा उल्लेख भएको 'राइट टु रिकल' व्यवस्थाको गलत व्याख्या गरेर मन्त्री फिर्ता बोलाउन सिफारिस गरेका छन्। विधानको कुनै पनि धारामा पार्टीका तर्फबाट मन्त्री भएका व्यक्तिलाई फिर्ता बोलाउन सक्ने प्रावधान छैन।

अनुशासन आयोगको हवाला दिँदै सभापति लामिछानेले कारबाही गरे पनि आयोगले केन्द्रीय समितिमा प्रतिवेदन पेस गर्ने र केन्द्रीय समितिले कारबाही आवश्यक भएमा कारबाही गर्ने व्यवस्था छ।

रास्वपा सभापति लामिछानेले विधानको धारा २५ (४) 'क'मा टेकेर आफ्नो अधिकार प्रयोग गरेको दाबी गर्दै प्रधानमन्त्रीलाई सिफारिस लेखेका छन्। तर विधानको सो धारा यसरी जनप्रतिनिधिलाई फिर्ता बोलाउने सम्बन्धी अधिकारमा प्रयोग गर्ने प्रयोजनको नभई सभापतिले बैठक, औपचारिक कार्यक्रम तथा अन्य नियमित गतिविधिको हकमा परिभाषित भएको देखिन्छ। जनप्रतिनिधिलाई फिर्ता बोलाउने निर्णयका लागि भने रास्वपाले विधान अनुसार केन्द्रीय समितिकै निर्णय पर्खनुपर्ने हुन्छ।

## खरिद प्रक्रियामा...

पत्रिकाको विकल्पमा विद्युतीय प्रणालीमार्फत बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वान गरिएको अवस्थामा त्यस्तो सूचना अन्यत्र कतै प्रकाशन गर्नु नपर्ने गरी प्रस्ताव गरिएको छ।

बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वान नगरिएको अवस्थामा त्यस्तो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय र सम्बन्धित सार्वजनिक निकायको वेबसाइटमा मात्रै राख्दा हुने भएको छ। राष्ट्रियस्तरको बोलपत्रको ३० दिन र अन्तर्राष्ट्रियस्तरको लागि ४५ दिनको समयसिमा हटाएर समयसीमा सरकारले तोक्न सक्ने व्यवस्था गरिएको छ। सरकारले आफैं समयसिमा तोकेर खरिद गर्ने व्यवस्था गर्दा मन्त्रिपरिषद्का निर्णयमाथि कसैले पनि बोल्न नसक्ने अवस्था निर्माण हुने व्यवसायीहरू बताउँछन्।

प्रस्तावित ऐनमा अस्वाभाविक 'बिलो प्रस्ताव'मा कारण खोजिने भएको छ। स्वीकृत लागत अनुमानको ३० प्रतिशतभन्दा बढी घटेर कबुल गरी बोलपत्र पेस गरेमा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण माग गर्ने व्यवस्था थपिएको छ। प्रस्तावित ऐनमा मूल्यांकन समितिले प्रतिवेदन पेस गरेपछि १५ दिनभित्र सम्झौता गर्नुपर्ने व्यवस्था राखिएको छ। प्रस्तावित मस्यौदाको दफा ३० मा पनि संशोधन गरी खुलारूपमा आशयपत्र माग गरी परामर्श सेवा खरिद गर्न पनि अनलाइन प्रणालीबाट र सार्वजनिक खरिद अनुगमन कार्यालयमा प्रकाशित गर्दा हुने गरी संशोधन गरिएको छ।

सोझै खरिदमा सरकारको रुचि

सरकारले सोझै खरिदमा विशेष चासो र रुचि देखाएको आरोप लाग्ने भएको छ। दफा ४१ को सोझै खरिदसम्बन्धी विशेष व्यवस्थामा प्रस्तावित मस्यौदामा केही बुँदा थपिएका छन्। मन्त्रीपरिषद्को निर्णयबमोजिम नेपालले आतिथ्यता गर्ने अन्तर्राष्ट्रिय सभा सम्मेलन सेमिनार वा बैठकका लागि हुने खरिद, नेपाल सरकार र विदेशी सरकार वा नेपाल सरकार र अन्तरसरकारी अन्तर्राष्ट्रिय संस्थासँग हुने खरिदमा सम्बन्धित निकायले सोझै खरिद गर्न सक्ने अधिकार मस्यौदामा उल्लेख छ।

नेपाल बाहिर हुने मध्यस्थताका लागि लिइने कानुनी परामर्श पनि सोझै खरिद गर्न सक्ने व्यवस्था गरिएको प्रस्तावित संशोधित ऐनमा थप गरिएको छ।

प्रस्तावित संशोधनमा सरकारी ई-मार्केटप्लेसको व्यवस्था गरिएको छ। सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार गरिएको सरकारी ई-मार्केटप्लेसमा प्रकाशित मालसामान तथा सेवा तोकिएबमोजिमको रकम सम्म सोझै खरिद गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। तोकिएबमोजिमको रकमसम्म सोझै खरिद गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। तोकिएबमोजिमको रकमसम्म सोझै खरिद गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।

सार्वजनिक निकायले मल औषधि र सूचना प्रविधि सेवा खरिदमा कार्यविधिले तोकेबमोजिम अपनाउनुपर्ने व्यवस्था गरिएको छ। सरकारी वा सार्वजनिक निकायले जग्गा खरिद गर्ने सम्बन्धमा पनि सरकारले कार्यविधि निर्माण गर्ने व्यवस्था संशोधनमा प्रस्ताव गरिएको छ।

**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला श्रीमान बाबुराजा श्रेष्ठ तथा श्रीमति गिता देवी श्रेष्ठका छोरा, श्रीमति गिता प्रधानको श्रीमान, कोशी प्रदेश, सुनसरी जिल्ला, धरान उप-महानगरपालिका वडा नं. ३ स्थायी बस्ने श्रीमान निर्मल कृष्ण श्रेष्ठको मिति २०८२/१०/०७ गतेका दिन मृत्यु भएकोले निजको यस बैंकमा रहेको बचत खाता नं. ०१००१११७०००४३६८ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमति गिता प्रधानले मिति २०८२/११/१३ गते यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सानिमा बैंक www.sanimabank.com
इनरुवा शाखा, सुनसरी, फोन : ०२५-५६६७४७/४८/५४९

**आर. एस. टि. सि. ए. इन्भेष्टमेन्ट फन्ड लिमिटेड**
का.म.न.पा.-०२, काठमाण्डौं।

**सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८२/१२/२७

यस कम्पनीको मिति २०८२/१२/२४ मा बसेको संचालक समितिको निर्णयअनुसार कम्पनी संस्थापना गर्दाका वखत कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आफूले लिन कबुल गरेको शेयर कित्ता बराबर प्रति कित्ता रु. १००/- का दरले हुने सम्पूर्ण रकम सूचना प्रकाशित भएको मितिले ३० दिन भित्रमा यस कम्पनीको नाममा रहेको बैंक खातामा जम्मा गरी सो को भौचर यस कम्पनीमा दाखिला गर्नु हुन कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (२) बमोजिम शेयरधनीहरुको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा सो अवधि भित्र रकम जम्मा नगर्ने शेयरधनीहरुको शेयर प्रचलित कानुन बमोजिम हुने व्यहोरा जानकारी गराईन्छ।

सो सम्बन्धमा थप जानकारीको लागि शेयरधनीहरुले कम्पनीको कार्यालयको फोन नं. ०१-४००११८३ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**वर्गीकृत डिस्प्ले**

**मोटरसाइकल हराएको सूचना**
मिति २०८२/१२/०७ गते विहानको राति अ. १:०० बजेदेखि ऐ. विहान ६:०० बजेको समयमा का.जि. कागेश्वरी मनोहरा न.पा.-७, चापाँबोट बा.प्र.०२-०५९ प ६४५३ नं. को २२० सिसि कालो रातो रंगको पल्सर मोटरसाइकल हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरि दिनुहुन अनुरोध गर्दछु।
सवारी धनी : तप बहादुर सुर्खेती
ठेगाना : त्रीयुगा न.पा., वडा नं.-१६
इन्जिन नं. : DKXCSB25597
च्यासिस नं. : MD2A13EX5SCB83547
सम्पर्क नं. : ९७६१७६१६४७

**सुवर्ण मौका (बम्पर छुट)**
Yasuda का SHA सामानहरु राईस कुकुर, भ्याकुम प्लाक्स, टिफिन बक्स, क्यालकुलेटर, हटकेश, वाटर प्यूरीफायर, डिस्पेन्सर, लन्च बक्स र अन्य सामानहरुमा MRP मा फ्ल्याट ३०% छुट र नगद २% साथै प्रत्येक २५ हजारको सामानमा १ पिस इलेक्ट्रिक हिटिङ कप १ थान पाइनेछ।
९८४००५२७८६

**जग्गा बिक्रीमा**
ललितपुर जिल्ला लेले कोटडाँडामा आफ्नै जग्गामा पानीको मुहान भएको बाटो २० फिटे रहेको २०६ आना क्षेत्रफल भएको गोदावरी नगरपालिका भित्र रहेको सुन्दर शान्त ठाउँमा छ। उक्त जग्गामा कृषि फर्म गर्न ट्राउट माछा तथा कालिज पाल्न, पानी कम्पनी खुलाउन, ध्यान केन्द्र खुलाउन तथा फ्याक्ट्री राख्नको लागि प्रति आना ३ लाख ५० मात्रमा बिक्रीमा छ। १ रोपनी वा २ रोपनीका टुक्रा पनि दिन मिल्छ।
सम्पर्क: डा.ज.ध. ९७०००५९७९५

**विज्ञापनको लागि**
९७६४५९९६२१
गर्नुहोस्।

वर्गीकृत डिस्प्लेका लागि सम्पर्क: ०१-४८११०८०, ४८१३०२९ Ext. No.: १०२
Email: rajdhanimarketing76@gmail.com
www.rajdhanidaily.com
९७६४५९९६२१

# अदालतको आदेशपछि रोकियो महासंघ निर्वाचन

**राजधानी समाचारदाता**

काठमाडौं, २६ चैत




उच्च अदालत पाटनले नेपाल उद्योग वाणिज्य महासंघको आगामी आइतबार र सोमबार हुने साधारण सभा रोक्न अन्तरिम आदेश दिएको छ ।

अदालतले नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघको निवेदनका आधारमा उद्योग वाणिज्य महासंघको निर्वाचन गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको हो । अदालतले यस मुद्दाको अन्तिम निर्णय नभएसम्म सम्बन्धित पक्षलाई यथास्थितिमा रहन निर्देशन दिएको छ ।

पाटन उच्च अदालतले गरेको यस अन्तरिम आदेशका कारण आगामी दुईदिनबाट सुरू हुने महासंघको ६०औं साधारणसभा र निर्वाचन रोकिने भएको छ ।

पाटन उच्च अदालतका न्यायाधीश खड्कबहादुर केसी र दीपक खनालको संयुक्त इजलासले सो रिट निवेदकलाई महासंघको सदस्यता दिने निर्णय नभएसम्म साधारण सभा नगर्न बिहीबार अन्तरिम आदेश दिएको छ । यसअघि अदालतले गत २३ चैतमा अल्पकालीन आदेश दिएर दुवै पक्षलाई छलफलमा बोलाएको थियो । बिहीबार नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघको पक्षमा यस्तो आदेश दिएको हो ।

'१६ फागुन २०८१ मा जारी भएको परमादेश बमोजिम निर्णय नगरी विपक्षी संस्थाको साधारण सभा हुँदा यी निवेदकहरू समेतलाई असर पर्ने देखिँदा सो निर्णय नभएसम्म नेउवा महासंघको साधारण सभा नगर्नु/ नगराउनु भनी उच्च अदालत नियमावली-२०७३ को नियम ४२ बमोजिम विपक्षीको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ,' अदालतको आदेशमा यस्तो भनिएको छ ।

पेट्रोलियम ढुवानी व्यवसायी महासंघले २८ चैत २०८१ मा सम्पन्न महासंघको ५९औं वार्षिक साधारण सभामा सदस्यको हैसियतले उपस्थित भएकामा अहिले आफूलाई समावेश नै नगरी एवं सदस्यतासम्बन्धी निर्णय नगरी साधारण सभा गर्न लागिएको भन्दै अन्तरिम आदेश मागेर रिट दायर गरेको थियो ।

महासंघको ६०औं वार्षिक साधारण सभा तथा अधिवेशन २९ र ३० चैतका लागि तय गरिएको थियो । यसै अधिवेशनबाट महासंघको नयाँ नेतृत्व चयन गरिने भएका कारण उद्योगी/व्यवसायी आ-आफ्ना समुह बनाएर चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए । व्यवसायीले सो निर्वाचनका लागि उम्मेदवारी नै दर्ता गरिसकेका छन् । अदालतको यस्तो आदेश आएपछि महासंघको निर्वाचन समितिले पनि अर्को सूचना नभएसम्म निर्वाचन स्थगित भएको जानकारी दिएको छ । अर्को मिति तय गरेपछि मात्र निर्वाचन सम्पन्न हुने महासंघले जनाएको छ ।

# एनआईबीएल इक्विटी पार्टनर्सद्वारा गोर्खाज हिमालयन हाइड्रोमा १५ करोड लगानी




**काठमाडौं/रास–** एनआईबीएल इक्विटी पार्टनर्सले गोर्खाज हिमालयन हाइड्रो लिमिटेडमा १५ करोड लगानी लगानीसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेको छ ।

नेपाल धितोपत्र बोर्डमा विशेष लगानी कोषको रूपमा दर्ता भएको र एनआईएमबी एस क्यापिटल लिमिटेडद्वारा व्यवस्थित एनआईबीएल इक्विटी पार्टनर्सले गोर्खाज हिमालयन हाइड्रो लिमिटेडमा १५ करोड रुपैयाँको इक्विटी लगानी गरेको हो ।

यस हाइड्रो कोशी प्रदेशको सोलुखुम्बु जिल्लास्थित सोलुदुधकुन्ड नगरपालिकामा निर्माणाधीन ५.८७५ मेगावाट क्षमताको माथिल्लो जुनबेसी खोला जलविद्युत् आयोजनाको प्रवर्धक कम्पनी हो ।

यस आयोजनाबाट वार्षिक करिब ३५.४३ गिगावाट घण्टा विद्युत् उत्पादन हुने अपेक्षा गरिएको छ । जसमध्ये करिब ३३ प्रतिशत उत्पादन सुख्खायाममा हुनेछ । आयोजनाले ५.८७५ मेगावाटको सम्पूर्ण विद्युत् बिक्रीका लागि नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता पीपीए गरिसकेको छ । उत्पादित विद्युत्लाई ३३ केभी प्रसारण लाइनमार्फत तिङ्गला सबस्टेशनमा जोडिने छ ।

एनआईबीएल इक्विटी पार्टनर्सका प्रमुख कार्यकारी अधिकृत शिवान्तबहादुर पाँडेले भने, 'यो लगानी हाम्रो पोर्टफोलियोमा एउटा महत्वपूर्ण उपलब्धि हो, यसले साना आकारका जलविद्युत् र स्वच्छ ऊर्जाका क्षेत्रमा लगानी गर्ने रणनीतिक लक्ष्यलाई फेरि एकपटक प्रस्ट पारेको छ ।' उनले यस्ता आयोजनाले स्थानीय ऊर्जा सुरक्षा र आर्थिक विकासमा ठूलो टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

'माथिल्लो जुनबेसी खोला आयोजनाको यो निकै महत्वपूर्ण चरणमा एनआईबिएल इक्विटी पार्टनर्ससंग सहकार्य गर्न पाउँदा हामी निकै खुसी छौं, यो साझेदारीले आयोजनाको निर्माण कार्यलाई अझै गति दिनेछ र यसलाई समयमै सम्पन्न गर्न मद्दत पुऱ्याउनेछ' गोर्खाज हिमालयन हाइड्रो लिमिटेडका प्रबन्ध निर्देशक सन्तोष भट्टराईले भने, 'हाम्रो यो सहकार्यले दुर्गम क्षेत्रमा भरपर्दो विद्युत् आपूर्ति बढाउनुका साथै दिगो र स्वच्छ ऊर्जातर्फ नेपालको दीर्घकालीन सोचलाई साकार पार्न सहयोग पुग्ने विश्वास लिएका छौं ।'

# जेनजी शहीद परिवारलाई प्राधिकरणमा रोजगारी

**राजधानी समाचारदाता**

काठमाडौं,२६ चैत

नेपाल विद्युत् प्राधिकरणले जेनजी आन्दोलनका शहीद परिवारका छुट भएका सदस्यलाई रोजगारी दिने निर्णय गरेको छ । प्राधिकरण सञ्चालक समितिको बैठकले सो निर्णय गरेको हो । गत २३ र २४ भदौको जेनी आन्दोलनका घाइते व्यक्तिलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०८२ मा भएको व्यवस्था अनुसार छुट भएका ८ जना शहीद परिवारका सदस्यलाई रोजगारी दिने निर्णय भएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले यसअघि २७ जना शहीद परिवारलाई रोजगारी दिने प्रक्रिया अगाडि बढाइसकेको छ । अहिले थप भएका ८ शहीद परिवारमध्ये रोजित श्रेष्ठ बनस्थली, अम्बिका विश्वकर्मा उदयपुर, सुमित्रा महत सिन्धुपाल्चोक, शितल पौडेल, मौसम कुलुङ संखुवासभा, पार्वती अधिकारी सर्लाही, हेमन्ती विष्ट बझाङ र मञ्जु पौडेल लम्जुङ रहेका छन् । त्यस्तै, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यको कार्य सम्पादन मूल्यांकनको जानकारी सञ्चालक समितिले लिएको छ ।

यसैबीच, वैकल्पिक ऊर्जा विकास समितिको बोर्ड बैठक पनि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठको अध्यक्षतामा बिहीबार बसेको छ । बैठकले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्न वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रलाई सहमति दिने निर्णय गरेको छ । केन्द्रले प्राप्त सिलिङभित्र रहेर आगामी आर्थिक वर्षको बजेटका कार्यक्रमहरू तय गर्नेछ । सो बैठकमा मन्त्री श्रेष्ठले केन्द्रद्वारा आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा सामाजिक न्यायलाई ख्याल गर्दै ग्रामीण र दुर्गम क्षेत्रका जनताले प्रत्यक्ष अनुभव र लाभ प्राप्त हुने गरी कार्यक्रम तर्जुमा र नवप्रर्वतनका कार्यक्रम ल्याउन सुझाव दिएको केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले जानकारी दिए ।

त्यस्तै, बैठकले संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धी अन्तर्गतको हानी नोक्सानी कोषमा नेपालको तर्फबाट वन तथा वातावरण मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले संयुक्त रूपमा तयार पारेको करिब ३ अर्ब ६० करोड रुपैयाँबराबरको परियोजना प्रस्ताव हानी नोक्सानी कोषमा पेश गर्नको लागि हरित जलवायु कोषको प्रत्यक्ष पहुँच निकायको रुपमा केन्द्रलाई सहमति दिने निर्णय गरेको ढकालले जानकारी दिए ।


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल चैत महिना २७ गते शुक्रबार)

यस विकास बैंकको केन्द्रीय कार्यालयबाट पूर्व कर्मचारी तपशिलमा उल्लेखित ऋणीले यस विकास बैंकमा कार्यरत रहँदाका अवस्थामा कर्मचारी सेवा सुविधा अन्तर्गत उपभोग गरेको कर्मचारी सवारी साधन कर्जा तथा कर्मचारी अधिविकर्ष कर्जा शिर्षकको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण |
|---|
| किसोरी साह सुडिको नाति शिव प्रसाद साहको छोरा मोरङ्ग जिल्ला नोचा गा.वि.स. वडा नं. ६ हाल, कटहरी गा.पा. वडा नं. २ बस्ने **अविनाश साह** (ना.प्र.नं. : ०५-०१-६९-०१०८६ जारी मिति र जिल्ला : २०६९/०१/२२, मोरङ्ग) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| सन्त लाल साह सुडिको नाति किसोरी साह सुडिको छोरा सुनसरी जिल्ला साहेवगंञ्ज वडा नं. ५ हाल, मोरङ्ग जिल्ला कटहरी गा.पा. वडा नं. २ बस्ने **शिव प्रसाद साह सुडी** (ना.प्र.नं. : ०६८७६३/९३(क) जारी मिति र जिल्ला : २०४१/०८/०६, सुनसरी) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको दोस्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०८२/१२/२७)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता, कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५(पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८२/०३/०१ मा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनु हुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील:**

धितो लिलाम बिक्री हुने मितिः २०८३ साल बैशाख महिना १३ गते ।
सम्बन्धित कार्यालयः कृषि विकास बैंक लि., शाखा नयाँसडक काठमाडौं ।
लिलाम हुने स्थान/कार्यालयः कृषि विकास बैक लिमिटेड, शाखा कार्यालय रत्नपार्क ।

**ग्राहकको विवरण**

**ग्राहकको नामः जाग्रित पहाडी,** ना.प्र.नं. ३७२०२४/५२०२४, जारी मितिः २०६५/१२/२५, जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय रुपन्देही, बाबुको नामः बिनोद पहाडी, बाजेको नामः राम बहादुर पहाडी

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|---|---|
| घरायसी कर्जा/आवास कर्जा | जाग्रित पहाडी | काठमाडौं | का.म.न.पा. | १६ | १४३ | १५९ |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबस | बाजे/ससरा |
|---|---|---|---|---|---|
| बिनोद पहाडी | भसवनेश्वरी-०९, पाल्पा | ६२४२ | रुपन्देही/२०४४/०८/१४/ जिल्ला प्रशासन कार्यालय | राम बहादुर पहाडी | लाल सिँह पहाडी |
| ममता दर्नाल पहाडी | बसटवल-१५, रुपन्देही | ३७/०२/७३/०७३४३ | रुपन्देही/२०७३/११/०५/ जिल्ला प्रशासन कार्यालय | बिनोद पहाडी | राम बहादुर पहाडी |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा ३(तीन) जना भन्दा कम व्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाडौं



## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मन्थली, रामेछापका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/१२/२७ गते शुक्रबारको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धित शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, मन्थली, रामेछापमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०२/०८ गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, मन्थली, रामेछापमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण:**

| ऋणी | जमानतकर्ता |
|---|---|
| **ऋणी : कृष्ण बहादुर खड्का**<br>(ना.प्र.नं. ४७५१/२११०२५/५४६१, जारी मिति २०४५/०२/०१, जि.प्र.का. रामेछाप) । ठेगाना : जिल्ला रामेछाप, लिखु तामाकोशी गाउँपालिका वडा नं. ६ (साविक खिम्ती गा.वि.स. वडा नं. २) ।<br>बाबु : खड्ग बहादुर खड्का ।<br>बाजे : कृति बहादुर खड्का । | **जमानतकर्ता : सजन खड्का**<br>(ना.प्र.नं. २१ २११०२५/१७८२१ जारी मिति २०६७/०४/१० जि.प्र.का. रामेछाप), ठेगाना : जिल्ला रामेछाप, लिखु तामाकोशी गाउँपालिका वडा नं. ६ (साविक खिम्ती गा.वि.स. वडा नं. २) ।<br>बाबु : कृष्ण बहादुर खड्का ।<br>बाजे : खड्ग बहादुर खड्का । |

**ख.लिलाम बिक्रीहुने सम्पत्तिको विवरण :**

१. कृष्ण बहादुर खड्काको नाममा मालपोत कार्यालय मन्थली, रामेछापमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला नागथली गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६ख, कित्ता नं. २२१ क्षेत्रफल ०-११-०-१ (रोपनी) को घर/जग्गा र ऐ.ऐ. वडा नं. ५ नक्सा सिट न. ५झ स्थित कित्ता नं. ३७ क्षेत्रफल २-१४-०-१ (रोपनी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा **शाखा कार्यालय मन्थली रामेछापबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा र **शाखा कार्यालय मन्थली, रामेछापमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

# खेलकुद वाटिका

राजधानी

www.rajdhanid



## नेपाल पुलिस विजयी

'प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता'अन्तर्गत बिहीबार वीरगन्जमा सम्पन्न समूह चरणको खेलमा नेपाल पुलिस क्लबले कर्णाली प्रदेशमाथि ४८ रनको जित निकालेको छ । वीरगन्जस्थित टीबी शाह क्रिकेट मैदानमा सम्पन्न खेलमा पुलिसले उत्कृष्ट प्रदर्शन गर्दै महत्त्वपूर्ण दुई अंक हात पारेको हो । टस जितेर पहिले ब्याटिङ रोजेको पुलिसले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै २ सय ६१ रनको मजबुत योगफल खडा गर्‍यो । सुरुआत केही दबाबपूर्ण भए पनि मध्यक्रमले इनिङ्स सम्हालेको थियो।

■ आठै खेल जितेमा पुग्ने छ 'शीर्ष ४'मा

# 'विश्वकप लिग २'मा शतप्रतिशत जितको खेजीमा नेपाल

नवीन लुईटेल/राजधानी

काठमाडौं, २६ चैत

'आईसीसी क्रिकेट विश्वकप लिग-२'मा 'शीर्ष ४'भित्र पुग्न नेपालका लागि दुई सातापछि हुने दुई शृंखलामा शत्प्रतिशत नतिजा निकाल्नुपर्ने भएको छ ।

युएई ओमान र नेपालबीचको एक शृंखलामा चार खेल र स्कटल्यान्ड, अमेरिका र नेपालबीचको अर्को शृंखलामा थप ४ वटा गरी कुल ८ खेलबाट नेपालले यो प्रतियोगितामा 'शीर्ष ४'भित्र प्रवेश गर्न सबै खेल जित्नुपर्नेछ ।

२० खेलबाट १२ अक जोडेर सातौं स्थानमा रहेको नेपालका लागि आफूभन्दा माथिल्लो तालिकामा रहेका नामिबिया र क्यानडालाई उछिन्न कम्तिमा ५ खेलको जित पर्याप्त हुनेछ भने चौथो स्थानमा रहेको नेदरल्यान्ड्सलाई भेटाउन सबै खेलमा जित आवश्यक छ ।

२० अंक जोडेर छैटौं स्थानमा रहेको नामिबिया, २१ अंकसहित पाँऔं स्थानमा रहेको क्यानडालाई तथा २८ अंकसहित चौथो स्थानमा रहेको नेदरल्यान्ड्सलाई पछाडि पार्न लगातार खेल जित्नुको विकल्प रहने छैन ।

नेपाल, ओमान र यूएईबीचको शृंखला आगामी १२ देखि २२ वैशाखसम्म हुने भएको छ । यसअघि नै हुने तय भए पनि इरान र अमेरिकाबीचको तनावका कारण भएको पश्चिम एसियाको संकटका कारण स्थगित भएको थियो ।

नेपालले १२ वैशाखमा शनिबार युएई, १६ वैशाखमा बुधबार ओमान, १८ वैशाखमा शुक्रबार युएईसँग र २२ वैशाख मंगलबार ओमानसँग खेल्ने छ ।

नेपालले गत नोभेम्बर र अक्टोबरमा भएको शृंखलामा यएईसँग दुबै खेल हारेको थियो भने ओमानसँग सेप्टेम्बर २०२४ मा भएको प्रतिस्पर्धामा दुईमध्ये एक खेल ओमानसँग पराजित भएको थियो । अर्को खेल स्थगित हुन पुग्यो ।

'लिग २ तालिका'मा नेपाल २० खेलमा ५ जितसहित १२ अंकसाथ पुछारबाट दोस्रो अर्थात् सातौं स्थानमा छ । नेपालले दुई खेलबाट १-१ अंक बटुलेको छ । स्कटल्यान्ड र ओमानसँगको १-१ खेल रद्द भएर दुबै टिमले अक बाँडेका थिए । ओमान २३ खेलमा १३ जित र ७ हारसँगै २९ अंकसहित तेस्रो स्थानमा छ ।

यसैगरी, नेपाल जतिनै समान २० खेल खेलेको युएई ५ जित र १५ हारसाथ १० अंक बटुल्दै तालिकाको पुछारमा छ ।

त्यस्तै, ओमान र युएईसम्मिलित शृंखला सकिएको अर्को सातामै फेरि नेपाल, अमेरिका र स्कटल्यान्डसम्मिलित अर्को शृंखला सुरु हुनेछ । सो शृंखला २९ वैशाखदेखि ८ जेठसम्म चल्ने छ । नेपालले २९ वैशाख मंगलबार स्कटल्यान्डसँग खेल्ने छ । यसैगरी, आगामी २ जेठमा शनिबार अमेरिकासँग खेल्ने छ ।

त्यस्तै, जेठ ४ मा सोमबार फेरि स्कटल्यान्डसँग र ८ जेठमा शुक्रबार फेरि अमेरिकासँग नेपालले प्रतिस्पर्धा गर्नेछ । नेपालले अमेरिकासँग यसअघि गत अक्टोबर-नोभेम्बरमा भएको प्रतिस्पर्धामा दुबै खेल हारेको थियो भने अक्टोबर-नोभेम्बर २०२४ को दुबै खेलमा पनि नेपाल अमेरिकासँग स्तब्ध भएको थियो ।

गत जुनमा भएको शृंखलामा स्कटल्यान्डसँगको १ खेल जितेको नेपालले अर्को खेल भने उसैलाई सुम्पिएको थियो । अक्टोबर-नोभेम्बर २०२४ को प्रतिस्पर्धामा १ खेल स्कल्याण्डसँग निराशबन्दा अर्को खेल रद्द हुँदा दुबैले अंक बाँडेका थिए ।

'आईसीसी क्रिकेट विश्वकप लिग २' तालिकामा अमेरिका २४ खेलमा १८ जित र ६ हारसाथ ३६ अंक जोडेर शीर्षस्थानमा छ भने स्कटल्यान्ड २७ खेलमा १३ जित र ८ हारसाथ ३२ अंक जोडेर दोस्रो स्थानमा छ । स्कटल्यान्डले ६ वटा खेलमा १-१ अंक जोडेको छ ।

तेस्रो स्थानको ओमानसँग २९ अंक छ भने चौथो स्थानको नेदरल्यान्ड्सको २४ खेलमा १३ जित र ९ हारसाथ २८ अंक छ । उसको थप २ अंक खेल रद्द हुँदा प्राप्त भएको छ ।

यसैगरी, क्यानडा २४ खेलमा ९ जितसँगै २१ अंकका पाचौं स्थानमा रहँदा २६ खेलबाट ९ जित र १५ हारसाथ २० अंक बनाएको नामिविया छैटौं स्थानमा छ । दुबै शृंखला त्रिवि क्रिकेट मैदानमा हुनेछ । सबै खेल विहान साढे ९ बजे सुरु हुनेछ ।



नेपालले गत नोभेम्बर र अक्टोबरमा भएको शृंखलामा यएईसँग दुबै खेल हारेको थियो भने ओमानसँग सेप्टेम्बर २०२४ मा भएको प्रतिस्पर्धामा दुईमध्ये एक खेल ओमानसँग पराजित भएको थियो । अर्को खेल स्थगित हुन पुग्यो ।



# ५५ लाख लागतमा खेलमैदान निर्माण

रासस

म्याग्दी, २६ चैत



मालिका गाउँपालिका-६ डाँडागाउँमा पाखो सम्माएर हिमाली युवा क्लवको सामुदायिक भवन र खेलमैदान निर्माण भएको छ । ५५ लाख ६५ हजार ५५५ को लागतमा भवन र खेलमैदान निर्माण भएको हो । सरकारी निकायको अनुदानको तुलनामा दोब्बर बढी समुदायस्तरबाट सहयोग र श्रमदान जुटाएर खेलमैदान र भवन निर्माण गरिएको क्लबका अध्यक्ष टुकमान जुग्जालीले जानकारी दिए । 'खेलमैदान र भवन निर्माण भएको ठाउँ यसअघि भिरालो पाखा थियो,' उनले भने, 'डोजर लगाएर करिब ६० मिटर जमिन खारेर डिलमा पर्खाल बनाएर सम्माइएको हो ।'

६३ मिटर लम्बाइ र ३२ मिटर चौडाइको खेलमैदान परिसरमा दुईकोठे भवन, 'स्टेज' र सार्वजनिक शौचालयसहित छन् । डाँडागाउँमा यसअघि खेलमैदान नहुँदा खेलअभ्यास र प्रतियोगिता सञ्चालन गर्न समस्या भएको थियो । सामुदायिक भवनमा भेला, बैठक, तालिम, गोष्ठी, सभा, समारोह र भोजभतेर सञ्चालन गर्न सहज भएको छ । क्लबले १५ वर्षअघि सुरु गरेको खेलमैदान निर्माण कार्यले अहिले पूर्णता पाएको हो । मालिका गाउँपालिकाबाट १७ लाख र गण्डकी प्रदेश सरकारबाट १२ लाख सहयोग प्राप्त भएको खेलमैदान र भवन निर्माणका लागि हिमाली युवा क्लबले चार लाख ७६ हजारबराबरको श्रमदान र फुलपाती आमा समूहले तीन लाख नगद सहयोग गरेका थिए ।

सुवास गर्बुजा, सविन पुन, रविन पुन, डाइमण्ड जुग्जाली, अमृत जुग्जाली, इन्द्र पुन, चकबहादुर पाइजा, सुरज जुग्जाली, चित्र पाईजा, गमबहादुर जुग्जाली, मन्दीप/सन्दीप/रघु जुग्जाली र लकमन पुनबाट जनही एकलाख सहयोग प्राप्त भएको क्लवबा सचिव रोहन जुग्जालीले जानकारी दिए । त्यस्तै, रत्नसिंह गर्बुजाले ५५ हजार ५५५, माइकल पाइजा, सुर्ज/रेशम जुग्जाली, तिर्थमान/सज्जन जुग्जाली, नारायण जुग्जाली, रुविन जुग्जाली, जीवन पुनले ५०/५० हजार, कर्ण जुग्जालीले ३१ हजार, प्रवीन रानाले ३१ हजार, खिमबहादुर जुग्जालीले १७ हजार र रमेश पाइजाले पाँच हजार सहयोग गरेको क्लबले जनाएको छ ।

# 'द डेभिल वेयर्स प्राडा २' ट्रेलरले दर्शक तर्साउँदै

एजेन्सी

लस एन्जलस, २६ चैत



हलिउड चलचित्र 'द डेभिल वियर्स प्राडा २'ले अन्तिम ट्रेलर रिलिजसँगै दर्शकमाझ हलचल मच्चाएको छ । सन् २००६ मा रिलिज 'द डेभिल वियर्स प्राडा' सफलतापछि बनेको यो सिक्वेल सन् २०२६ मा विश्वव्यापी रूपमा रिलिज हुँदै छ ।

ट्रेलरले चलचित्रको कथा गहिरो, नाटकीय र मनोवैज्ञानिकरूपमा तनावपूर्ण हुने दर्शाएको छ । जसले दर्शकलाई रोमाञ्चक अनुभव दिने अपेक्षा गरिएको छ । चलचित्रमा फेरि मेरिल स्ट्रिप र एनी हयाथवे मुख्य भूमिकामा छन् । लगभग २० वर्षपछि यी प्रसिद्ध कलाकार फेरि एउटै कथामा फर्किएका हुन् ।

पहिलो भागमा मेरिल स्ट्रिप, कडा फेसन सम्पादक र शक्तिशाली पात्रका रूपमा प्रस्तुत भएका थिए । तर, उनी पनि ठुलो घोटालाले घेरिएको देखिन्छ । यस्तो अवस्थामा एनी हयाथवेको चरित्र उनीसँगै देखापरेको देखिन्छ, जसले उनीहरूबीचको जटिल सम्बन्धमा नयाँ मोडलाई दर्साएको देखिन्छ । हरर जनराको चलचित्रका दर्शकका लागि प्रतिक्षाको विषय बनेको छ । सिक्वेलले पुरानो कलाकारको पुनरागमनलाई प्रोत्साहित गरेको छ । एमिली ब्लन्ट, स्टेनली टुची, ट्रेसी थोमस र टिबोर फेल्डम्यानले आफ्ना भूमिकामार्फत फेरि दर्शकलाई पुराना याद ताजा गराउने छन् । साथै, नयाँ अनुहारमा केनेथ ब्रानाघ, सिमोन एश्ले, लुसी लिउ, बीजे नोभाक, जस्टिन थेरोक्स र लेडी गागा समावेश छन् ।

विशेषगरी सिमोन एश्ले मेरिल स्ट्रिप उनको सहायकका रूपमा प्रस्तुत छन्, जसले नयाँ पुस्तकको प्रतिनिधित्व गर्ने छिन् । ट्रेलरमा फेसन उद्योगभित्रको शक्ति संघर्ष, प्रतिष्ठा जोगाउने लडाइँ र व्यक्तिगत सम्बन्धको उतारचढाव प्रभावकारीरूपमा प्रस्तुत गरिएको छ । यो चलचित्रको कथा समकालीन डिजिटल मिडिया, बदलिँदो फेसन प्रवृत्ति र विश्वव्यापी प्रतिस्पर्धासँग सम्बन्धित भएको छ । हालै मेरिल स्ट्रिप र एनी हयाथवे चलचत्रिको प्रचारमा सक्रिय छन् । ट्रेलर रिलिज हुनेबित्तिकै सामाजिक सञ्जालमा दर्शकबाट सकारात्मक प्रतिक्रिया आएको थियो, जसले चलचित्रलाई सफलता दिलाउने विश्वास निर्माण पक्षको छ । अब चलचित्र रिलिज भएपछि सबैको ध्यान 'यसले बक्स अफिसमा कस्तो प्रभाव पार्छ ?' भन्ने छ ।


**EMPLOYMENT OPPORTUNITY IN ZERO COST RECRUITMENT IN MALAYSIA**
**शून्य लागत भर्ती अर्न्तगत मलेशियामा रोजगारीको अवसर**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator Free Food, Free Accommodation, and Free Transportation during recruitment process (after selection). The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित भर्ती प्रक्रियामा (छनौट पश्चात) निशुल्क आवास, निशुल्क खाना तथा यातायात रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्ती सम्बन्धि सम्पूर्ण खर्चहरु ब्यहोर्नेछ ।

NAME OF EMPLOYER : HID GLOBAL SDN BHD
रोजगारदाताको नाम : एचआइडी ग्लोबल एसडिएन विएचडि
पून:विज्ञापन
Re: Advt.

| पूर्व स्वीकृति मिति : २०८२/११/१९ Pre Approval Date: 2026/03/03 | चलानी नं.: ६०२५३२१३ Reference No. 60253213 | लट नं.: ३३९८६२ LOT No. 339862 | शहर: जलन City: Jalan |
|---|---|---|---|

| सि.नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलव RM | Monthly Basic Salary मासिक तलव ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा कामगर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ 1 | सहयोगी Helper | २० 20 | ० 0 | अंग्रेजीमा लेख्न, बोल्न र पढ्न सक्न | १७०० 1700 | ६३,३१९ 63,319 | As per Company Rule कम्पनी नियम अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Management of Social Security fund cost सामाजिक सुरक्षा कोष व्यवस्थापन | Rate of service Charge and who will borne सेवा शुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | NPR 700/- By the Empoloyer ने.रू.७००/- रोजगारदाताले व्यहोर्ने | NPR 1500/- By the Empoloyer ने.रू.१५००/- रोजगारदाताले व्यहोर्ने | NPR 2596/- By the Empoloyer ने.रू.२५९६/- रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

**Interview Schedule Details (अन्तर्वार्ताको समय तालिका)**

1. **Orientation & Counselling Session** (अभिमुखीकरण तथा परामर्श शत्र)
   The Orientation and Counselling Session will be held from 12 April 2026 at MHR office premises.
   अभिमुखीकरण तथा परामर्श शत्र २९ चैत्र २०८२ सम्म कार्यालय परिसरमा सञ्चालन हुनेछ ।
2. **Final Interview** (अन्तिम-अन्तर्वार्ता)
   The final interview is scheduled to take place on 13th April 2026 (Final interview date), at MHR office premises.
   (अन्तिम-अन्तर्वार्ता मिति २०८२ चैत्र ३० गते कार्यालय परिसरमा हुनेछ ।)

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् र BEWARE OF ILLEGAL RECRUITERS**

१. मास ह्युमन रिसोर्स प्रा.लि. (एमएचआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब आवेदकहरु, आवेदकको परिवार तथा आफन्तबाट कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने। Mass Human Resourse P. Ltd (MHR) does not have any branch or mediator representative. MHR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no forced savings, no bonds, no cash deposits or any form of fees shall be paid by the candidate or his/her family or relatives.

२. धोखाधडी, गैरकानूनी गतिविधि वा भ्रष्टाचार विरुद्ध MHR को हटलाइन ९७७ ९८५-१०००२६८ मा रिपोर्ट गर्न स्वतन्त्र महसुस गर्नु वा grievance.massmngt@gmail.com मा इमेल गर्नुहोस्। हामी तपाईको गोपनीयता कायम राख्नेछौं। Feel free to report against froud, Illegal activities or corruption in IMR's hotline +977 9851000268or emali at grievance.massmngt@gmail.com We shlla maintain your confidentiality.

**Note: (नोट:)**

1. This is a zero–cost recruitment process. Applicants are encouraged to apply directly, without the involvement of any third–party agents or mediators. Neither applicants nor their family members are required to pay any fees, provide gifts, or enter into any form of financial agreement, such as bonds or loans, in connection with this recruitment. यो नि:शुल्क रोजगारी प्रक्रिया हो। (इच्छुक आवेदकहरुले कुनै बिचौलिया वा एजेन्टको सहयोग बिना सिधै आवेदन दिन सक्नुहुन्छ। आवेदकहरु वा उनका परिवारका सदस्यहरुले यस रोजगारीका लागि कुनै पनि शुल्क, उपहार, धरौटी वा ऋण तिर्नु पर्दैन ।)
2. Attendance at both the pre–screening orientation and pre selection is mandatory for all aspiring applicants. Only those who are pre–selected will be considered for the final interview. (सबै इच्छुक आवेदकहरुले पूर्व-स्क्रिनिङ अभिमुखीकरण र पूर्व-छनोटमा उपस्थित हुनु अनिवार्य छ। पूर्व-छनोट गरिएका आवेदकहरूलाई मात्र अन्तिम अन्तर्वार्ताको लागि विचार गरिनेछ।)
3. Recruitment process will be carried out in line with the policy of freely chosen employment, ensuring that no form of bias or discrimination takes place. (यो भर्ती प्रक्रिया स्वतन्त्र रूपमा रोजगारी छान्ने नीतिअनुसार गरिनेछ, जसमा कुनै पनि प्रकारको पक्षपात वा विभेद हुने छैन।)
4. For age verification during the pre–screening process, all applicants are kindly requested to bring at least two original government–issued identity documents. Acceptable documents include a citizenship card, passport (mandatory), national identity card, voterÚs card, driving license, and similar official IDs. Please note that presenting a valid passport is compulsory. (पूर्व छनोट प्रक्रियामा उमेर प्रमाणित गर्न सबै आवेदकहरुले कम्तीमा दुईवटा सरकारी निकायबाट जारी गरिएका मौलिक परिचयपत्र ल्याउनुपर्नेछ। नागरिकता प्रमाणपत्र, राहदानी (अनिवार्य), राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र, सवारी चालक अनुमतिपत्र जस्ता परिचयपत्रहरु मान्य हुन्छन् । कृपया ध्यान दिनुहोस्, राहदानी अनिवार्य रूपमा ल्याउनुपर्नेछ ।)

**Important Information for candidates Applying under Zero–Cost Recruitment**
**(शून्य लागत भर्ती अन्तर्गत आवेदन गर्ने उम्मेदवारहरुको लागि महत्वपूर्ण जानकारी)**

1. **No Sub–Agents Involvement –** MHR strictly conducts all recruitment processes directly, without the involvement of middlemen or sub–agents. In line with the Government of Nepal's regulations, the engagement of sub–agents in recruitment activities is strictly prohibited. (कुनै सब-एजेन्टको संलग्नता छैन MHR ले सबै भर्ती प्रक्रिया सिधै गर्छ, बिचौलिया वा सब-एजेन्ट बिना। नेपाल सरकारको नियम अनुसार, भर्तीमा सब-एजेन्टको संलग्नता कडाइका साथ निषेध गरिएको छ।)
2. **No Gifts, Bribes, or Conflict of Interest –** – Candidates are strictly prohibited from offering or accepting gifts or bribes, and the recruitment process will be maintained with full integrity, free from any conflict of interest. (उपहार, घुस वा स्वार्थविरोधी अवस्था छैन उम्मेदवारहरुले उपहार वा घुस दिन वा लिन पाउने छैनन्, र भर्ती प्रक्रिया पूर्ण इमान्दारीसाथ, कुनै स्वार्थविरोध बिना संचालन हुनेछ।)
3. **Age Verification –** Candidates are required to submit at least two original documents as valid proof of age to confirm their eligibility in accordance with legal requirements. (Citizenship and National Id Card) (**उमेर प्रमाणिकरण** - उम्मेदवारहरुले कानुनी आवश्यकता अनुसार आफ्नो योग्यताको पुष्टि गर्न कम्तिमा दुईवटा मूल कागजात पेश गर्नुपर्छ। (नागरिकता र राष्ट्रिय परिचयपत्र)
4. **Non–Discrimination –** All candidates will be treated with fairness and equality, without any form of bias or discrimination on the grounds of gender, religion, ethnicity, or any other personal characteristic. (**भेदभाव छैन** - सबै उम्मेदवारहरुसँग समानता र निष्पक्षताका साथ व्यवहार गरिनेछ, लिङ्ग, धर्म, जाति वा अन्य व्यक्तिगत विशेषताका आधारमा कुनै भेदभाव गरिने छैन।)
5. **Freedom of Association & Collective Bargaining –** Candidates have the right to join associations, form groups, and participate in collective bargaining activities without restriction. (**संघ/समूहमा आवद्ध हुने स्वतन्त्रता** - उम्मेदवारहरुलाई संघ/समूहमा आवद्ध हुने, समूह बनाउन र सामूहिक छलफल / सम्झौतामा भाग लिन स्वतन्त्रता छ।)
6. **Grievance and Whistleblower Reporting Alert:** MHR promotes a Speak–Upæ culture. Employees and applicants are encouraged to report any unethical behavior without fear of retaliation. Anonymous reporting is accepted. Grievance Reporting Mechanism Emailing at: grievance.massmngt@gmail.com or making direct call & SMS at +977 9851000268. (**उजुरी र Whistleblower रिपोर्ट**: MHR ले "बोल्नुहोस्" संस्कृति प्रवर्धन गर्दछ। कर्मचारी र उम्मेदवारहरुले कुनै पनि अनैतिक व्यवहार रिपोर्ट गर्न डराउनु पर्दैन। गुमनाम रिपोर्टिङ पनि स्वीकार्य छ। उजुरी रिपोर्टिङको लागि इमेल: grievance.massmngt@gmail.com)

**वा सोझै कल/एसएमएस गर्नुहोस्: +९७७ ९८५-१०००२६८**

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment)** :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस। 1. Confirm that Visa is issued under your name. २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाई मापर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Tahachal.

वैदेशिक रोजगारमा जान इच्छुक कामदारहरूले यो QR मार्फत आवेदन दिन सक्नु हुनेछ ।

**MASS HUMAN RESOURCE PVT. LTD.**
(Iso certified ethical recruitment company) | Samakhusi, KTM, Nepal
Tel: +977-1-4983088, 4955765
Govt. Lic. No. 938/067/068


स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेशन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : सचिन शेरचन, प्रबन्ध निर्देशक : आशिष शेरचन, सम्पादक : डिल्ली आचार्य